# सामाजिक परीक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०७१/७२

पेश गरेको निकायः

**जिल्ला विकास समितिको कार्यालय**

**मोरङ**

सगरमाथा सामुदायिक विकास केन्द्र

विराटनगर

फोनः ४६३८३५, ४६३४५६

ईमेल : *scdcbrt@yahoo.com*

# दुई शब्द

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ ले स्थानीय निकाय आर्थिक प्रशासन नियमावलि २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्बेवारी पूरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न सामाजिक परीक्षण कार्यविधि तर्जुमा गरेको हो । उक्त व्यवस्था अनुसार स्थानीय निकायहरूले प्रत्येक आर्थिक वर्षको प्रथम चौमाशिक भित्र अघिल्लो सालको सामाजिक परीक्षण कार्य गरिसक्नु पर्ने व्यवस्था गरिएको छ ।

स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहेको देखिन्छ ( स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६८, भूमिका) । यसले स्थानीय निकायले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप जिल्ला विकास समिति मोरङको आर्थिक वर्ष २०७१/७२ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ । स्थानीय निकायको न्यूनतम सर्त मापनमा सामाजिक परीक्षण कार्य बापतको समेत निश्चित अंकप्रदान गरिने व्यवस्था भएको हुनाले तिनीहरूको सामाजिक परीक्षण कार्य अनिवार्य भएको हो ।

यस संस्थालाई दिइएको जिम्मेवारी पूरा गर्ने क्रममा यस समितिका स्थानीय विकास अधिकारी, योजना अधिकृत तथा यहाँका विभिन्न फाँटका अधिकृत र अन्य कर्मचारी मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । तसर्थ उहाँहरू सवै जनालाई संस्थाको तर्फबाट हृदयदेखि नै धन्यवाद दिन चाहान्छौ । मोरंग जिल्ला अन्तर्गत क्रियाशिल विभिन्न राजनैतिक दलका प्रतिनिधि महोदयहरूबाट समेत यस कार्यका लागि अमूल्य सुझाव र सल्लाह प्राप्त भएका छन् । त्यस्तै, यस सामाजिक परिक्षण कार्यमा संस्थाबाट खटिनुभएका सामाजिक परीक्षक अम्बु विष्टले आफ्नो जिम्मेबरी सफल रुपमा सम्पन्न गर्नु भएको छ । तसर्थ उहाँहरूलाई समेत धन्यवाद दिन चाहान्छौ ।

अन्त्यमा, यस कार्यमा परोक्ष र प्रत्यक्ष सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिंदै यो प्रतिवेदन जिल्ला विकास समिति मोरङमा प्रस्तुत गर्दछौं ।

सगरमाथा सामुदायिक विकास केन्द्र
विराटनगर

# विषयसूची


| **बिषय** | **पेज नं** |
|---|---|
| **१. पृष्ठभूमि** | १-२ |
| **२. सामाजिक परीक्षणको उद्देश्य** | २ |
| **३. सामाजिक परीक्षण विधि** | २-३ |
| **४. अध्ययनको सीमा** | ३ |
| **५. कार्यक्षेत्रमा अर्न्तक्रिया** | ३ |
| **६. स्थानीय निकायको विवरण (अनुसुचि २)** | |
| ६.१ जिल्ला परिचय | ४-५ |
| ६.२ नागरिक वडापत्र | ६ |
| ६.३ आ.व. २०७१/७२ को वार्षिक बजेट तथा कार्यक्रम साराँश | ६ |
| ६.४ जिल्ला विकास समितिले अबलम्बन गरेका रणनीतिहरु | ६-१० |
| ६.५ गतवर्षको मुख्य मुख्य उपलब्धिहरू | १० |
| ६.६ यसवर्षको मुख्य मुख्य सामाजिक उपलब्धिहरू | ११-१३ |
| ६.७ सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | १४-१९ |
| ६.८ गत बर्ष भोगेका समस्याहरु | २०-२१ |
| ६.९ सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु | २१-२३ |
| **७. विषयगत कार्यालय र गैससहरुको विवरण (अनुसुचि ३)** | |
| ७.१ जिल्ला जनस्वास्थ्य कार्यालय, मोरंग | २४-२५ |
| ७.२ जिल्ला वन कार्यालय, मोरंग | २६-२९ |
| ७.३ जिल्ला पशु सेवा कार्यालय, मोरंग | २९-३० |
| ७.४ मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लावारी | ३१ |
| ७.५ ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना | ३२ |
| ७.६ प्लान नेपाल मोरङ | ३२-३३ |
| ७.७ सामुदायिक विकासका लागि सहयोगी हातहरुको समुह | ३३-३४ |
| ७.८ यूनाइटेड मिसन टु नेपाल सुनसरी | ३४ |
| ७.९ नेपाल परिवार नियोजन संघ | ३५ |
| ७.१० अनौपचारिक सेवा केन्द्र इन्सेक विराटनगर | ३६ |
| ७.११ लुथरन सामुदायिक कल्याण समाज | ३७ |
| | ३८ |

७.१२ राष्ट्रिय उद्यमशिलता विकास केन्द्र विराटनगर ३९
७.१३ नारी विकास संघ ४०
७.१४ नेपाल स्वास्थ्यका लागी पानी ४१
७.१५ सगरमाथा सामुदायिक विकास केन्द्र विराटनगर ४२
७.१६ सेतो गुराँश वाल विकास सेवा ४३
७.१७ बाल एवं महिला विकास मोरङ ४४
७.१८ बहुउद्देश्यीय विकास व्यवस्थापन सेवा नेपाल ४४
७.१९ पानी वातावरण र जिवन संस्था ४५
७.२० बाल समाज नेपाल

**८. अध्ययनमा देखिएका सवल पक्षहरु** ४५
**९. अध्ययनमा देखिएका चुनौती तथा कमि कमजोरीहरु** ४६
**१०. सुझावहरु** ४६
**११. निश्कर्ष** ४७

# १. पृष्ठभूमिः

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तत्सम्बन्धी नियमावली, २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार स्थानीय निकायहरुलाई स्थानीय जनताका लागि आवश्यक सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरिकाबाट स्थानीय स्तरमानै उपलब्ध गराउन सक्ने अधिकार दिइएको छ । नेपाल सरकारले स्थानीय निकायलाई दिने अनुदान लक्षित समुदायहरुको समग्र विकासको लागि केन्द्रीत गर्ने कुरामा विशेष जोड दिदै आएको छ । यसको लागि विशेष बजेटको समेत व्यवस्था गरेको छ । स्थानीय निकायमा जाने अनुदान रकममा पनि विगतका दिन भन्दा बढोत्तरी भएको छ । यसले स्थानीय निकायलाई अझ जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंग प्रत्येक्ष नजिक रहेर सेवा प्रवाह गर्ने संस्था स्थानीय निकाय भएकोले स्थानीय निकायसंग जनताका इच्छा आकांक्षाहरु बढ्नु स्वभाविक हो । स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नकालागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ ।

स्थानीय स्तरमा भए गरिएको कामकारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नकालागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) मा सामाजिक परीक्षण को व्यवस्था गरिएको छ । जस अनुसार “सामाजिक परीक्षण” लाई स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य भनिएको छ । यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि नेपाल सरकारले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ जारी गरी लागु गरेको अवस्था छ । यसका साथै स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा समेत स्थानीय निकायहरुले सामाजिक परीक्षणकार्यलाई विशेष जोड दिइएको छ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक गर्ने प्रावधान भएको र स्थानीय निकायको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यमा सामाजिक परीक्षणलाई एउटा सूचकको रुपमा राखिएको छ । यसले गर्दा पनि स्थानीय निकायहरू जिविस, नगरपालिका र गा.वि.स.हरू ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण अनिवार्य शर्त बनेको छ ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गर्न आवश्यक हुन्छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षक ले अन्तिम प्रतिवेदन तयार गर्नु पर्दछ । यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा समेत पेश गर्नु पर्दछ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण

कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्नमा स्थानीय निकायलाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ ।

यसै परिप्रेक्षमा सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम यस सगरमाथा सामुदायिक विकास केन्द्र विराटानगर द्वारा मोरंग जिल्ला विकास समितिको आ.व.२०७१।७२ को सामाजिक परीक्षण गरी यो प्रतिबेदन पेश गरेको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्यः

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप जिविसको एक आर्थिक वर्षमा जिविसकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । यस अध्ययनको उद्देश्य मोरंग जिल्लाको सामाजिक परीक्षण गर्ने रहेको छ । प्रस्तुत अध्ययनले सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै जिविसलाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गर्नुका साथै देहाय बमोजिम यस परीक्षणको उद्देश्य रहेको छ ।

- सामाजिक परिक्षणले कार्यालयको सरोकारवाला तथा लाभान्वित समूहप्रतिको जवाफदेहितालाई प्रमाणित गर्न मद्धत्त गर्छ ।
- यसले लाभान्वित समूह, सरोकारवाला र दातृकार्यालयहरूको कार्यक्रममा सहभागितामा वृद्धि गरी कार्यक्रम तर्जुमा तथा व्यवस्थापनमा अपनत्वको भावना सृजना गर्छ ।
- यसले समुदायमा कार्यक्रमबाट पर्न गएको प्रभावलाई सम्पूर्ण रूपमा बुझ्न मद्धत गर्छ ।
- सरोकारवालाहरूको पृष्ठपोषणबाट प्राप्त सिकाईलाई परीस्कृत गर्दै भविष्यमा हुने कार्य सम्पादनमा सुधार ल्याउन प्रभावकारी कार्ययोजना बनाउन मद्दत पुऱ्याउँछ ।
- पिछडिएका समुदायहरूलाई प्रश्न गर्ने तथा आफ्नो अधिकारको काम गर्ने अवसरको रूपमा एउटा सामाजिक मञ्च प्रदान गर्छ ।
- यसले स्थानीय स्तरमा लोकतन्त्रलाई प्रर्वद्धन गर्छ ।
- यसले कार्यालयलाई सामूहिक निर्णय प्रक्रिया तथा जिम्मेबारी वहन गर्न प्रोत्साहन गर्छ ।
- यसले कार्यालयगत सुशासनलाई सशक्त बनाउँछ ।
- कार्यालय,समुदाय र सरोकारवाला बीच मित्रताको भावना विकास गर्छ ।

## ३. सामाजिक परीक्षण विधिः

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरीएको थियो :

**क) सन्दर्भ सामग्री समीक्षा र अध्ययनः**

- स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य

- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)
- सामाजिक उपलब्धि, प्रयास, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक प्रतिवेदनहरू

**ख) अन्तरवार्ता र समूह छलफलः**

जिविसका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता तथा छलफल गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूहमा छलफल गरिएको थियो ।

**ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल देहाय अनुसारको शीर्षकमा केन्द्रीकृत रही छलफलको लागि प्रस्तुत गरिएको थियो :**

- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता
- सामाजिक परीक्षण प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू

**घ) प्रतिवेदन तयारी छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्य योजना सहित प्रतिवेदन तयार गरिएको छ । विषयगत कार्यालयहरू र जिबिसको वार्षिक लक्ष्य, नीति तथा योजना, जिविसमा परेका गैर सरकारी संस्थाहरूलाई समेत सामाजिक परीक्षणमा समावेश गरिएको थियो ।**

## ४. अध्ययनको सीमाः

सामाजिक परीक्षण कार्यविधि अनुसार यस अध्ययनले आ.ब. २०७१।७२ को सामाजिक परीक्षण गर्ने कुरा तोकिएको र यसका विधि र प्रक्रियाहरु सोही अनुसार निर्देश गरिएको छ । यस सामाजिक परीक्षण कार्यमा जिल्ला विकास समिति मोरंगले सामाजिक क्षेत्रमा गरेको कामहरुको मुख्य मख्य कामहरुलाई आधार मानी हेरिएको छ । जिविस मोरङले आर्थिक वर्ष २०७१/७२ मा गरेको विकास योजनामा जनसहभागिताको स्थितिको अध्ययन गरिएको छ । तर यसमा अन्य आर्थिक वर्ष र अन्य प्रकारका योजनामा जनसहमागिताको स्थिति अध्ययन गरिएको छैन । बजेट तथा समयको अपर्याप्तताले सम्पूर्ण जिल्लाभरीको आयोजनाको अध्ययन गर्न सकिएको छैन ।

## ५. कार्यक्षेत्रमा अर्न्तक्रिया

अध्ययन प्रक्रियालाई वस्तुपरक र यर्थाथ बनाउने उदेश्यले सम्बन्धित विषयमा सम्बन्धित कार्यालयका व्यक्तिहरुसँगको अर्न्तक्रियालाई मुख्य आधार लिएको छ । यस्तो छलफलले अध्ययनमा देखा परेका समस्याहरु न्यूनिकरणमा सहयोग पुगेको देखिन्छ ।

## ६. स्थानीय निकायको विवरण (अनुसुचि २ बमोजिम):

## ६.१ जिल्ला परिचय:

- **भौगोलिक परिचय:**

पूर्वाञ्चल विकास क्षेत्रको कोशी अञ्चलमा पर्ने मोरङ जिल्ला तराईको ख्याति प्राप्त जिल्लाका रूपमा परिचित छ । यो पूर्वमा झापा र इलाम, पश्चिममा सुनसरी, उत्तरमा धनकुटा र पाँचथर तथा दक्षिणमा भारतको बिहार प्रान्त पर्दछन् । यो जिल्ला २६ डिग्री २० इन्चदेखि २६ डिग्री ५३ इन्च उत्तरी अक्षांससम्म र ८७ डिग्री १६ इन्चदेखि ८७ डिग्री ४१ इन्चसम्म पूर्वी देसान्तरमा फैलिएको छ । यसको क्षेत्रफल भने १८५५ वर्गकिलोमिटर रहेको देखिन्छ भने नक्सामा यसको आकार चारकुने स्वरूपको देखिन्छ । समुद्रको सतहदेखि ६० देखि २४१० मिटरसम्मको उचाईमा रहेको मोरङ जिल्लामा मुख्यतया समतल तराई, भाबर र पहाडी भाग पर्दछ । यसको उत्तरतिरका आठवटा गाविसहरू पहाडी भागमा पर्दछन् भने केही गाविसका निश्चित भूभाग भाबरक्षेत्रमा फैलिएका छन् । यस जिल्लाको करिब ८० प्रतिशत भूभाग समथर तराईमा पर्दछ (जिल्ला पार्श्वचित्र २०६८) ।

- **राजनैतिक परिचय::**

मोरङ जिल्लामा कूल ५० वटा गाविस र ८ नगरपालिका रहेका छन् । यहाँका ८ वटा गाविस पहाडी प्रदेशमा र अन्य तराईमा पर्दछन् । मोरङको उपमहानगरपालिका विराटनगर यसको दक्षिण पश्चिमी भागमा पर्दछ । यस जिल्ला र कोशी अञ्चलको सदरमुकाम समेत विराटनगर नै हो । यस बाहेक यस जिल्लाका थुप्रै भागहरू नगरउन्मुख गाउँमा परिणत भएका छन् । हालसालै सरकारले यसको उर्लावारीलाई बेग्लै नगरपालिकाका रूपमा घोषणा गरिसकेको छ । यस बाहेक पनि राजमार्ग वरपरका थुप्रै गाउँहरू नगरउन्मुख छन् र तिनीहरू पनि नगरपालिका बन्ने तरखरमा रहेका देखिन्छन् । यस जिल्लालाई विभिन्न १७ वटा इलाका र ९ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ ।

- **प्राकृतिक सम्पदा::**

प्राकृतिक सम्पदाका हिसावले पूर्वी नेपालको मोरङ जिल्ला निकै सम्पन्न छ । यहाँको मुख्य प्राकृतिक सम्पदा जलस्रोत हो । हुन त यस जिल्लाबाट ठूला नदीहरू बगेका छैनन् । यहाँ महाभारत पर्वतबाट निश्किएर बगेका ससाना खोलाहरूमात्र छन् । बक्राहा, डाँसखोला, बूढी, चिसाङ्ग र खदमखोला यस जिल्लाका मुख्य खोलाहरू हुन् । तर यस जिल्लाको पहाडी भागलाई छाडेर अन्य ८० प्रतिशत जमिनमा भूमिगत जल पाइने हुनाले त्यसैलाई खानेपानी र सिंचाईका लागि प्रयोगमा ल्याइएको छ ।

मोरङ जिल्ला वनजंगलका हिसावले निकै धनि छ । नेपाल तराईको चारकोशे झाडीको एउटा हिस्सा यस जिल्लामा पनि पर्दछ । यसको भावर क्षेत्रमा चारकोशे झाडीको अवशेष रहेको छ । यस बाहेक ठाउँठाउँमा मानिसहरूले बोटविरूवा लगाउने गरेकाले यो जिल्ला निकै हराभरा छ । यस जिल्लाको ३०.७१ प्रतिशत भाग वनक्षेत्रमा पर्दछ । यहाँ साल, सिसौ, बोटधँगेरो, अस्ना, भलायो लगायत गर्मी ठाउँमा पाइने वनस्पति पाइन्छ । यस बाहेक जंगली क्षेत्रमा अनेक प्रकारका जडीबूटीहरू पनि पाइन्छन् । विभिन्न प्रकारका जंगली जनावरको आवस यहाँको जंगल नै मानिन्छ ।

यसको चारकोशे झाडीका छेउछाउमा केही सिमसारक्षेत्रहरू समेत रहेका छन् ।यसले गर्दा जैविक विविधताले पनि यो जिल्ला केही सम्पन्न रहेको देखिन्छ ।

- **जनसंख्या:**

मोरङ जिल्लाको कूल जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार ९६५३७० थियो । जसमा महिला ४९८६५८ जना र पूरुष ४७७७१२ रहेका छन् । यहाँको जनसंख्या बृद्धि दर १.३५ रहेको थियो । तर यहाँको जनसंख्या बृद्धिदर अनुमान गरिएभन्दा केही कम रहेको हुनाले यस वि.सं. २०६८ सालको जनगणना अनुसारको यस जिल्लाको जनसंख्या तलको तालिकामा दिएको छ ।

**मोरंङ जिल्लाको जनसंख्या विवरण, २०६८**

| कस | विवरण | संख्या |
|---|---|---|
| १ | जनसंख्या | ९६५३७० |
| २ | पुरुष | ४६६७१२ |
| ३ | महिला | ४९८६५८ |
| ४ | परिवार संख्या | २१३९९७ |
| ५ | जनघनत्व | ४५४५६ |
| ६ | बृद्धिदर (प्रतिशत) | २.२७ |
| ७ | औषत आयु (वर्षमा) | ६६.५ |
| ८ | औषत परिवार संख्या ५.०२ | ५.०२ |

श्रोतः जनगणना प्र्रीतिवेदेदन २०६८ ।

२०५८ सालको जनगणना अनुसार मोरङ जिल्लाको कूल प्रजनन दर प्रतिहजार ४.५८ रहेको छ । यसैगरी कोरा जन्मदर ३५.४, शिशु मृत्यूदर ७४.७, बाल मृत्यूदर ११८ र कोरा मृत्यूदर ११.५ प्रतिहजार रहेको देखिन्छ (जिल्ला पार्श्वचित्र, २०५९) । यसै गरी उक्त जनगणना अनुसार यस जिल्लामा बालबालिका (०-१४ वर्ष ३६.२ प्रतिशत, आर्थिक रूपले सवल जनसंख्या (१५-५९ वर्ष ५१.५ प्रतिशत र जेष्ठ नागरिक (६० वर्षभन्दा माथि) ५ प्रतिशत रहेको पाइएको छ । यसबाट यस जिल्लामा आर्थिक रूपमा सवल जनसंख्या करिब पचार प्रतिशतभन्दा ज्यादा रहेको छ, जसले राष्ट्र निर्माणको कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउने सक्ने देखिन्छ । यस जिल्लामा विभिन्न एघारवटा धर्महरू मानिन्छन् (जनगणना, २०६८) भने ७१ वटाजति भाषाभाषीका मानिसहरूको बसोवास रहेको पाइन्छ । यसैगरी यस जिल्लामा विभिन्न ९८ जातजातिका मानिसहरूको बसोवास रहेको छ । यस जिल्लाका ८०.२२ प्रतिशत मानिसहरू ग्रामिण भेगमा र बाँकी शहरी क्षेत्रमा बसोवास गर्ने गरेका छन् ।

## ६.२ नागरिक वडापत्र, २०७०:

जिल्ला विकास समितिले नागरिक वडापत्र २०६६ निर्माण गरी समय समयमा अभ्यावधिक गर्दै लगिएको छ । सार्वजनिक स्थलमा होर्डिङ्गबोर्ड राख्नुका साथै ब्रोसरको रुपमा छपाई गरी सरोकारवाला नागरिकहरुलार्य वितरण पनि गरेको देखिन्छ । जनताका कामहरू सरल र शुलभ ढंगमा गर्नको लागि नागरिक बडापत्र जारी गरेको देखिन्छ । यसलाई होर्डिङ्गबोर्डमा समेत लेखेर जिल्लाका विभिन्न भागहरूमा पनि राखेको देखिन्छ । तर पनि उक्त पत्रमा उल्लेख भए अनुसारका सवै कार्यहरू यथासमयमा हुने कुरामा भने प्राविधिक कठिनाई रहेको देखिन्छ । जस्तो कुनै फाँटका कर्मचारी विदामा बसेका समयमा तथा कार्यक्रममा सहभागी हुन अन्यत्र गएको समयमा त्यस्तो समयावधि भित्र कार्यहरू संम्पन्न हुन कठीन हुने गर्दछ । यसैगरी समयमा रकम निकाशा नहुँदा कार्यक्रम समेत पेशगरी समयमा नै कार्यान्वयन गर्न कठीन हुने गरेको पाइन्छ ।

## ६.३. जिल्ला परिषदमा प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रमा साराँशः

आ.व. ०७१।७२ को लागि जिल्ला परिषदमा कुल ५ अर्ब ३६ करोड ५३ लाख ३८ हजार बराबरको बजेट प्रस्तावित गरिएको थियो । यसमा विषयगत कार्यालयहरुको रु. ३ अर्ब ७९ करोड ९१ लख ३४ हजार रहेको थियो भने जिविसको १ अर्ब १६ करोड ४९ लाख २५ हजार र गैरसरकारी निकायहरुको रु. ४० करोड १२ लाख ७९ हजार रहेको थियो ।

*बजेट रु. हजारमा .*

| क्र.सं. | विवरण | गत आ.व.को स्वीकृत बजेट | | | चालु आ.व. (०७०।०७१) को स्वीकृत बजेट | | | आगामी आ.व. (०७१।०७२ को प्रस्तावित बजेट रु | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | विषयगत कार्यालय | | १७८८४३६ | १७८८४३६ | | २२७४५३० | २२७४५३० | २४७९५६४ | १३१९५७० | ३७९९१३४ |
| २ | स्थानीय निकाय | ११२०२३ | ७९३८३८ | ९०५८६१ | १५०८० ० | ७५४७९२.५ | ९०५५९२।५ | ५४३२७६ | ६२१६४९ | ११६४९२५ |
| ३ | अगैसस / गैसस | | २०००१४ | २०००१४ | | ३५३१६९१ | ३५३१६९१ | ६८३५९ | ३३२९२० | ४०१२७९ |
| | जम्मा | ११२०२३ | २७८२२८८ | २८९४३११ | १५०८० ० | ६५६१०१३.५ | ६७११८१३।५ | ३०९११९९ | २२७४१३९ | ५३६५३३८ |

## ६.४ जिल्ला विकास समिति मोरङले अवलम्बन गरेका रणनीतिहरु :

जिल्ला विकास समिति, मोरङले आगामी आर्थिक वर्ष ०७१/०७२ को वजेट तर्जुमा एवं कार्यान्वयन गर्दा देहाय अनुसारको रणनीति अवलम्बन गरेको थियो ।

**क) पूर्वाधार विकास**

१) सडक गुरुयोजना अन्तर्गत जिल्ला स्तरमा छनौट भएका सडकहरुलाई प्राथमिकता दिई गाविस सदरमुकामसम्म जोड्ने सडकहरुलाई बाह्रै महिना यातायात सञ्चालन योग्य बनाउन जोड दिईनेछ ।

२) जिल्ला यातायात सडक गुरुयोजनाले परिलक्षित गरेका सडक संजाल निर्माण र सुधारमा विशेष प्रांथमिकता दिईनेछ ।

३) जनसहभागितामा आधारित योजनाहरु कार्यान्वयन गर्दा स-साना लगानी आवश्यक पर्ने कल्र्भट निर्माण वा मर्मत संभार, सडक ग्राभेल, सामुदायिक भवन, सिँचाई, कृषि, वन वृक्षारोपण, ग्रामीण विधुतिकरण आदी कार्यक्रममा समुदाय वा उपभोक्तासँग साझेदारीमा गरिनेछ ।

४) सन् २०१७ सम्ममा देशभरका सबै घरहरुमा गोबर ग्याँस, सुधारिएको चुलो जस्ता स्वच्छ उर्जाका प्रविधिहरु पुऱ्याई धुँवामुक्त गराउन बैकल्पिक उर्जाका विशेष कार्यक्रम संचालनमा जोड दिईनेछ ।

५) गाविसहरुको काम कारवाहीमा अनिवार्य कम्प्युटरको प्रयोग गराई उनीहरुको सेवा प्रवाह प्रणालीमा सुधार गर्दै विद्युतीय सुशासन प्रबर्द्धन तथा गाविसहरुको सूचना व्यवस्थापनमा गाविस समेतको साझेदारीतामा अभिबृद्धि गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

६) भौतिक पूर्वाधार निर्माणका कामहरुलाई गुणस्तरयुक्त र दिगो बनाउनको लागि जिल्लास्तरमा प्राविधिक ल्याब स्थापना गरिसकिएको छ । उक्त प्राविधिक ल्याबलाई अझ प्रभावकारी रुपमा संचालनमा ल्याईनेछ ।

**ख) सामाजिक विकास**

१) “अर्थपूर्ण बाल सहभागिता बालमैत्री स्थानीय शासन हाम्रो प्रतिबद्धता” भन्ने मुल नाराका साथ जिल्लालाई बालमैत्री घोषणा गर्न बालश्रम उन्मुलन तथा बालमैत्रीका लागि संरक्षण र बिकासमा सघाउ पुऱ्याउने कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिई कार्यक्रमहरु संचालन गरिनेछ ।

२) महिला बालबालिका, आदिवासी/जनजाति, दलित, मधेशी, पिछडावर्ग, अपाङ्गता, यूवा सशक्तिकरण, जेष्ठ नागरिक तथा समाजका अन्य विपन्न वर्गहरुलाई प्रत्यक्ष फाईदा पुग्ने सीप विकास, क्षमता विकास र सशक्तिकरणका कार्यक्रमहरु संचालनमा जोड दिईनेछ ।

३) एच.आई.भी. र एड्स नियन्त्रण सम्वन्धी कार्यक्रमहरुलाई ग्रामीण तहसम्म पुऱ्याउन गाविस स्तरमा समेत बजेट विनियोजन गरी कार्यक्रम संचालनमा जोड दिईनेछ ।

४) लैगिंक बजेट तथा समावेशीकरणमा टेवा पुग्ने कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।

५) सामाजिक विकाससँग सम्बन्धित पुर्वाधार विकास बाहेकका कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई संघसंस्थाहरुको प्रतिष्पर्धाको अधारमा संचालन गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

६) विगत लामो समय देखि संचालनमा आई रहेको गाउँ विकास कार्यक्रमलाई क्रमशः सामुदायिक विकास कोष तथा स्थानीय सहकारी संस्था गठन गरी तिनीहरु मार्फत संचालन गर्ने गरी हस्तान्तरण साथै जिल्ला भित्र संचालन भएका सरकारी र गैरसरकारी निकायबाट सामाजिक परिचालनका कार्यक्रमहरुलाई समन्वय गरी एकरुपता कायम गर्न जोड दिईनेछ ।

७) लक्षित वर्गको योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा अर्थपुर्ण सहभागितामा बृद्धि गरिनेछ ।

८) बालमैत्री जिल्ला बनाउन यसमा कार्य गर्ने सवै सरोकारवालाहरुको सहभागितामा कार्य योजना निर्माण गरी स्थानीय तह सम्म कार्यान्वयनमा जोड दिईनेछ ।

९) व्यक्तिगत घटना दर्ता अभियानलाई कम्प्यूटरकृत गर्दै लगिने र सामाजिक सुरक्षा भत्ता वितरण अभिलेख प्रक्रिया व्यवस्थित गर्न अनुगमन प्रक्रियालाई प्रभावकारी गरिनेछ ।

१०) खेलकुद क्षेत्रको विकास गरी युवा सशक्तिकरण र सिप विकासमा जोड दिईनेछ ।

११) जिल्लामा कार्यरत गैरसरकारी संस्थाहरुलाई जिविसको छाता भित्र ल्याउन जिल्ला स्तरीय गैसस संजालको निर्माण गरी कार्यक्रम तर्जुमा र अनुगमन प्रणालीलाई व्यवस्थित गरिनेछ ।

## ग) आर्थिक विकास

१) पाँच वर्षे पर्यटन प्रवर्द्धन गुरुयोजनाले अख्तियार गरेको कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ग्रामीण पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने कार्यक्रमहरुलाई महत्वका साथ छनौट गरी अघि बढाईनेछ ।

२) सिमान्तकृत गरीवीको रेखामुनी रहेका परिवारको आय आर्जन र सिप विकासमा जोड दिई क्षमता विकासमा जोड दिईनेछ ।

३) कृषि क्षेत्रमा व्यवसायिकरण र Agro–Industrial linkage गराउन जोड दिईनेछ ।

४) स्थानीय तहमा संचालित समूह वा संस्थाहरुलाई सहकारीकरण गर्न प्रेरित गर्दै वित्तिय व्यवस्थापनमा सबल गराउन जोड दिईनेछ ।

५) ग्रामीण क्षेत्रको घरेलु तथा कुटिर उद्योगको उत्पादन र रोजगार बृद्धिमा क्षमता र सीप विकासमा जोड दिईनेछ ।

६) साना सिंचाईहरुको प्रर्वद्धन र विकासमा जोड दिई बेमौसमी खेती प्रणालीलाई प्रोत्साहन गर्न आवश्यक सिप, दक्षता सुधारमा जोड दिईनेछ ।

७) ग्रामीण युवाहरुलाई रोजगारी सिर्जना, कृषि तथा पशुपालनमा उद्यमशिलता विकासका कार्यक्रमहरु संचालन गरी गरिवी निवारणमा जोड दिईनेछ ।

८) जैविक खेती तथा जडिबुटी उत्पादनमा स्थानीय कृषक, समूह वा संस्थाहरुलाई प्रोत्साहन गरिने कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

९) घरेलु उद्योगलाई प्रोत्साहन गरी स्थानीय रोजगारी सिर्जना गर्न स्थानीय उत्पादनको पहिचान गर्न विशेष जोड दिईनेछ ।

**घ) वन वातावरण**

१) सन् २०१५ सम्ममा जिल्लालाई खुल्ला दिशामुक्त घोषणा गर्न अभियानका साथ जिल्ला तथा गाविस स्तरमा कार्यक्रमहरु संचालन गरिनेछ ।

२) जिल्ला भित्रका प्राकृतिक स्रोतहरुको संरक्षणका लागि अध्ययन विश्लेषण गरी विशेष कार्यक्रमहरु तर्जुमा गरी लागु गरिनेछ ।

३) बायो इन्जिनियरिङ प्रविधि मार्फत नदी खोलाहरुको किनारमा बृक्षारोपण बढाउन स्थानीय समूह वा समुदायलाई अग्रसर गराईनेछ ।

४) वातावरण संरक्षणको लागि स्थानीय सामुदायिक वन वा समितिलाई विरुवा उत्पादन र बृक्षारोपणमा जोड दिईनेछ ।

**ङ) संस्थागत श्रोत र क्षमता विकास**

१) योजना तर्जुमा प्रक्रियावाट आएका कार्यक्रम वा योजनाहरुलाई मात्र कार्यान्वयनमा प्राथमिकता दिईनेछ ।

२) उपभोक्ता समिति मार्फत संचालन हुने योजना र कार्यक्रमहरुलाई प्रभावकारी र गुणस्तरिय ढंगले संचालन गर्न एवं पारदर्शिता र जवाफदेही बनाउन उपभोक्ता समितिहरुलाई तालिम प्रदान गरिनेछ ।

३) स्थानीय निकायहरुको कार्य सम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनशक्ति विकासका कार्यक्रमहरु संचालनमा जोड दिईनेछ ।

४) जिल्लास्तर तथा गाविसको काम कारवाहीहरुको अनुगमन प्रक्रियालाई सूचकमा आधारित बनाई संस्थागत गर्दै प्रभावकारी रुपमा लागु गरिनेछ ।

५) योजनाहरुको दोहोरोपना हटाउन सरोकारवालाहरुसँग सहकार्य र समन्वयलाई जोड दिईदै संयुक्त अनुगमन प्रणाली तयार गरि प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

६) जिल्लाको आन्तरिक श्रोत बृद्धिको लागि साधन श्रोत अध्ययन विश्लेषण गरी समसामयिक करका क्षेत्रहरुको पुनरावलोकन गर्दै लगिनेछ ।

७) जिल्ला स्थित विषयगत कार्यालयहरुवाट अनिवार्य रुपमा जिल्ला गरिवी अनुगमन तथा बिश्लेषण प्रणाली (DPMAS) लागु गराउन जोड दिईनेछ ।

८) MCPM मुल्याकंनमा उच्च अङ्क प्राप्त गर्न, जिल्लाले हासिल गरेको स्थान सुधार गर्न सो अनुरुपका आन्तरिक काम कारवाहीहरुलाई ब्यस्थित गरिनेछ ।

९) स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ अनुरुप गाविसहरुले समय सीमाभित्र सम्पादन गर्नुपर्ने कार्यहरुलाई समय सीमाभित्र सम्पादन गराउन जोड दिईनेछ ।

१०) यस जिल्लाका उत्तरी भेगको सिंहदेवी र दक्षिणी भेगको पोखरीया गाविसलाई नमुना गाविस बनाउनको लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी नमूना गाविस कार्यान्वयन निर्देशिका, २०७० तयार गरी सकिएको र उक्त कार्यक्रमलाई कार्यान्वयनको चरण द्रुत गतिमा अगाडि बढाईनेछ ।

## ६.५ गतवर्षको मुख्य उपलब्धिहरू :

जिल्ला विकास समिति मोरंगले गत वर्ष सामाजिक उपलब्धीहरु हासिल गरेको छ । जिविस, विषयगत कार्यालयहरु र गैससहरुबाट समेत सामाजिक उपलब्धी हासिल गर्न टेवा पुगेको छ । जिल्लाले हासिल गरेका सामाजिक उपलब्धीहरु उल्लेख गरिएको छ ।

- सामाजिक सुरक्षा भत्ता वैंक मार्फत उपलब्ध गराउने प्रयासहरुको थालनी भएको जसमा विराटनगर उपमहानगरपालीकाबाट थालनी भएको छ ।
- संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा सुधार आएकोले जिल्ला परिषद्मा समेत उनीहरुको वार्षिक कार्यक्रम र समिक्षा गोष्ठीमा राम्रो उपस्थिति रहेको छ ।
- गाविसहरुमा व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सफ्टवेयर संचालन गर्न गाविसहरुमा सहयोगी निकाय प्लानसँगको साझेदारीमा २५ गाविसमा तालीम संचालन गरिएको ।
- गाविसहरुमा सरसफाई सम्वन्धी समन्वय समिति गठन र पूर्ण खोप घोषणा गाविसमा तिव्रता दिएको ।
- खुल्ला दिशामुक्त जिल्ला घोषणाको लागि सहयोगी निकाय र गाविसहरु सक्रियता साथ लागि परेको ।
- सडक स्तरोन्नती र मर्मत सम्भारमा विशेष प्राथमिकता दिइएको ।
- सामाजिक विकास तर्फ महिला, वालवालिकाहरु, र लक्षित वर्ग प्रत्यक्षतः लाभान्वित भएका ।
- एकिकृत विकास अभियान संचालन कार्यविधी, २०७० कार्यान्वयनमा ल्याई समुदायको समग्र आर्थिक, सामजिक र वातावरणिय विकासको लागी पोखरीया र सिंहदेवी गाविसहरु छनौट गरि कार्यक्रम थलनी गरिएको ।

## ६.६ यसवर्षको मुख्य सामाजिक उपलब्धिहरू:

आर्थीक वर्ष २०७१/७२ मा जिल्ला विकास समिति मोरङमा निम्न अनुसारका सामाजिक उपलब्धीहरु देखिएका छन् । देखिएका उपलब्धिहरुलाई सामाजिक सूचकका आधारमा निम्न अनुसार प्रस्तुत गरिएकोछ ।

- सामाजिक सुरक्षा भत्ता वैंक मार्फत उपलब्ध गराउने परिपाटीको शुरुवात अभिलेख व्यवस्थापन कम्प्युटराइजड गरिएको छ ।
- वेभवेस रिर्पोटिङ्ग लाई विशेष प्राथमिकता दिई संचालनमा ल्याइएको ।
- गाविसहरुमा व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सफ्टवेयर मार्फत प्रमाण पत्र वितरमा सुधार आएको ।
- गाविसहरुमा सरसफाई सम्वन्धी समन्वय समिति गठन र पूर्ण खोप घोषणा गाविसमा तिव्रता आएको ।
- धुवारहित गाविस बनाउने अभियान स्वरुप कतिपय गाविसहरुको धुवारहित वडा घोषणा हुन थालेको ।
- सडक स्तरोन्नती र मर्मत सम्भारमा विशेष प्राथमिकता दिइएको ।
- सामाजिक क्षेत्रका विशेष सीप विकास, आयअर्जान र क्षमता विकास कार्यक्रमहरुबाट महिला, वालवालिकाहरु, र लक्षित वर्ग प्रत्यक्षतः लाभान्वित भएका ।
- बालमैत्री रणनीतिक योजना तयार गरी तेतरिया गाविसलाई बालमैत्री गाविस घोषणा गर्न अन्तिम चरणमा रहेको ।
- एकिकृत विकास अभियान संचालन कार्यविधी, २०७० अनुसार पोखरीया र सिंहदेवी गाविसहरुको ५ वर्षे आवधिक योजना तयार गरी संचालनमा ल्याइएको ।
- जिल्लालाई सन् २०१५ सम्ममा खुल्ला दिसामुक्त बनाउने लक्ष्य लिइएको छ । हालसम्म जम्मा १३ वटा गा.वि.स.हरु खुल्ला दिसामुक्त घोषणा भएका छन् । हरेक गाविसहरुमा सरसफाई कार्ययोजना निर्माण भएकोछ ।
- बृद्धाश्रम निर्माण ६ स्थानमा ।
- लक्षित वर्गको क्षमता विकासको लागि लोकसेवा तयारी कक्षा संचालन आदीवासी जनजाती १५० जना, पिछडावर्ग १०० जना, अपाङ्गता ५० जना र महिला ६५ जना लाभान्वित भएका ।

### <u>६.१ स्वास्थ्य क्षेत्र :</u>

- वर्थिङ्ग सेन्टर निर्माण पोखरिया गाविसमा भवन निर्माण कार्य ५० प्रतिशत सम्पन्न ।
- स्वास्थ्य चौकी भवन मर्मत सुधार २ वटा ।
- स्वास्थ्य शिवीर संचालन नोचामा संचालन ७९ जना लाभान्वित ।
- एचआइभी संक्रमित मासिक सहयोग ३० जना र संक्रमित बालबालिका मासिक स्वास्थ्य परिक्षण सहयोग ११ जना ।

- वैदेशिक रोजगारमा जाने परिवारका सदस्यहरुलाई अभिमुखीकरण १६५ जना ।

## ६.२ शिक्षा क्षेत्र

- १४ विद्यालय भवन निर्माण र मर्मत सुधार कार्य संचालन ।
- बाल विकास केन्द्रहरुको व्यवस्थापन सहयोग ९ र कर्कटपाता वितरण साथै बालमैत्री विद्यालय पूर्वाधार विकासमा सहयोग २१ वटा ।
- पुस्तकालय स्थापनाको लागि २ वटा विद्यालयहरुलाई आवश्यक पुस्तक, दराज वितरण ।
- मदरसा व्यवस्थापन सहयोग ६ वटा झुर्किया, डाइनिया, नोचा, कदमाहा,हात्तिमुडा र बुधनगरमा ।

## ६.३ खानेपानी तथा सरसफाइ

- १५ वटा शौचालय निर्माण र २४०६ वटा शौचालय निर्माणको लागि सामग्री वितरण
- जिल्लालाई सन् २०१५ सम्ममा खुल्ला दिसामुक्त बनाउने लक्ष्य लिइएको छ । हालसम्म जम्मा १३ वटा गा.वि.स.हरु खुल्ला दिसामुक्त घोषणा भएका छन् । हरेक गाविसहरुमा सरसफाई कार्ययोजना निर्माण भएकोछ ।
- ८ कि.मि.पाइप, धारा १२ वटा ३, ६, ७ र १० घ.मि. क्षमताको रिजर्भवायर ४ वटा, इन्टेक ४ वटा निर्माण ।
- ढल निकासा ३६० मिटर निर्माण ।
- ७८० गोटा विरुवा वृक्षारोपण भएको ।
- ७२ वटा वायोग्याँस जडान वितरण साथै दलित वस्तीमा २७७ थान सोलार टुकी वितरण ।
- सोलार सडक वत्ती जडान ३१ थान ।
- सुधारिएको चुल्हो ५ थान होमस्टे सिंहदेवी ।

## ६.४ बालबालिका, महिला तथा समावेशी क्षेत्र

- बालमैत्री रणनीतिक योजना र बाल पार्श्वचित्र तयार गरी लागू गरिएको छ ।
- बालमैत्री गाविस घोषणा गर्न तेतरिया गाविस अन्तिम तयारीमा रहेको ।
- बाल विकास केन्द्रहरुको व्यवस्थापन र पूर्वाधार विकासमा खेलकुद सामाग्री, जस्तापाता सहयोग उपलब्ध गराएको ।
- सामाजिक विकृति र बिसंगति रोक्नका लागि महिला हिंसा, दहेज प्रथा बिरुद्ध जनचेतना मुलक कार्यक्रम सञ्चालन र सामाजिक बिकृतिमा सम्लग्न ब्यक्तिहरुलाई कारवाहीको दायरामा ल्याइ न्यूनिकरणमा सहयोग गरेको ।
- वालक्लव तथा वाल संरक्षण उपसमितिहरुमा वृद्धि भएको छ । बाल क्लबहरुमा सुदृढिकरण बालबालिकाहरुमा नेतृत्व गर्ने क्षमताको बिकास र सीप बिकास भएको छ ।
- बाल श्रम बिरुद्धको अभियान संचालन गर्दा बिभिन्न प्रकारका बाल श्रममा कमि ।

## ६.५ जनचेतना तथा गरिवी निवारण

- यो आ.व.मा महिला हिंसामा परेका महिला हिंसालाई न्यूनिकरण गर्न  दुई पक्षलाई झिकाई छलफल गराउने र मिलापत्रको लागि तारिकमा राख्ने गरेको छ।
- महिलाहरुमा महिला हिंसा विरुद्ध चेतना अभिवृद्धि भई समाधानका लागि स्थानीय स्तरमा प्रयत्न शुरु भएको छ।
- बिभिन्न सीपमुलक तथा रोजगारीमूलक तालिमहरु संचालन गरी रोजगारीमा अबिबृद्धि आएको छ ।
- बिपन्न परिवारका लागि बिभिन्न प्याकेज कार्यक्रम र छात्रबृतिको व्यवस्था, गरीबी घटाउन बिभिन्न संघसंस्थाहरुद्धारा प्रयासरत छन्।
- सामाजिक परिचालन अन्तर्गत अति बिपन्न तथा दलित परिवारहरुमा आय आर्जनका लागि जीविकोपार्जन परियोजना प्रत्येक नागरिक सचेतनामा संचालन गरेकोले प्रत्यक्षत रुपमा तिनिहरु लाभान्वित भएकाछन्।
- नीतिगतरुपमा सम्पुर्ण जात जाति, लिंग, वर्ग, धर्म, हरुको समावेशी, अवसर, रोजगारी, अधिकारको ब्यवस्था भएको छ।
- वातावरण सुधारकालागि ध्वनी नियन्त्रणका लागि पत्राचारमार्फत सम्बन्धित निकायहरुमा जानकारी गराउने गरेकोछ। जल वायु प्रदुषणको जाच गर्ने प्रकृया अघि बढेको छ।।
- हुलास वायर धुँवा नियन्त्रणमा सुधार भई सकेको र अन्य उधोगहरुमा वायु प्रदुषणको जाँच गरी सुधारको लागि बिशेष पहल भइरहेको छ।
- बिभिन्न नीतिबाट विकासमा समान सहभागितामा सुनिश्चितता गरिएको छ । बाल संजाल, महिला संजाल, समन्वय समिति, अन्य लक्षित वर्गका उप समितिहरु मार्फत सहभागिता सुनिश्चित भएको छ।
- सडकको सञ्जाल भित्र नरहेको पाटी गा.बि.स.मा पनि सडक सञ्जालमा जोड्ने शुरुवात भएको छ।
- कृषि सेवा केन्द्र मोरंग जिल्ला भरीमै जम्मा ७ वटा मात्र भएकोले जनताको पहुँच कठीन भएका छ। कृषि सेवा केन्द्र बिस्तारका लागि नेपाल सरकारसंग सिफारिस गरिएको छ।
- भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्तकृत वर्गको स्वरोजगार र शिक्षामा पहुच बढाउन बिभिन्न सीप बिकाश तालिम, रोजगारमुलक तालिम, छात्रबृति आदि को व्यवस्था गरेको छ।

**<u>६.६ संस्थागत क्षमता</u>**

- जनशक्तिहरुलाई क्षमता बिकास तालिम, सशक्तिकरण र अध्ययन अवलोकन भ्रमण मार्फत संस्थागत सुधारमा सहयोग पुगेको छ।
- यस आ.व. देखि प्राबिधिक कर्मचारीको व्यवस्थापन एउटै भवनमा भएको, बिधुत समस्याको सामाधान भएको, चारपांग्रे गाडी तथा मोटरसाईकल प्रत्येक कोठामा डेक्सटप र ल्यापटप, फोटोकाँपी मेशिन, जेनेरेटर सोलार आदि भौतिक व्यवस्था रहेको छ।

● वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र विभिन्न साझेदार संस्थाहरुसँग समन्वय गरेको छ ।

## ६.७. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत कार्यालयहरुसँगको अन्तरक्रिया, वार्षिक प्रगति समिक्षा र अघिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनहरुको विश्लेषणबाट गरिएको छ ।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | अनुमानित जनसंख्या १० प्रतिशत ) | ▪ सबैलाई खोप दिने अभियान चलाएको । | सबै बालबालिकाले खोप लगाएका । |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | अनुमानित ८५ प्रतिशत घरधुरीमा पहुंच । | ▪ ग्रामिण सडकको मर्मत तथा सम्भारमा जोड ।<br>▪ हरेक गाविसमा यातायातका साधन पुग्ने वातावरण निर्माण ।<br>▪ वडा स्तरमा खोप कार्यक्रम संचालन महिला स्वास्थ्य कार्यकर्ताहरुलाई तालिम । | ▪ हरेक गाविस स्तरमा यातायातको पहुँच विस्तार<br>▪ वडा स्तरसम्म खोप सेवाको उपलब्धता ।<br>▪ हरेक गाविसमा कम्तिमा १ वटा स्वास्थ्य चौकीको व्यवस्था गरिएको छ । |
| खोपमा पहुच भएको जनसंस्या (एक बर्षमुनीका बालबालिकाको आधारमा) | दादुरा रुवेला खोप (९७ प्रतिशत) | ▪ म. स्वा.स्वं से. परिचालन<br>▪ खोप केन्द्रको बिस्तार<br>▪ खोप अभियान संचालन | ▪ गत वर्षको तुलनामा उपलब्धी प्रतिशत बढेको । |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | (४८.१६ प्रतिशत ) | ▪ म. स्वा. स्वं से.परिचालन<br>▪ थप स्वास्थ्य कर्मी करारमा नियूक्ति<br>▪ परिवार स्वास्थ्य सम्बन्धी समिक्षा | ▪ गत वर्षको तुलनामा उपलब्धी प्रतिशत बढेको । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | १७८३० | ▪ प्रसूति सेवा केन्द्र बिस्तार<br>▪ यस.बि.ए तालिम प्रदान गर्नु<br>▪ आमा सुरक्षा कार्यक्रम लागु गर्नु | ▪ गत वर्षको तुलनामा उपलब्धी प्रतिशत बढेको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | २ प्रतिशत | ARI / CDD कार्यक्रम लागु गर्नु<br>म. स्वा. स्वं से.परिचालन | ▪ मृत्यु दरमा कमि हुनु |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | लगभग १२ प्रतिशत | ▪ विद्यालय संचालनका लागि स्वीकृति दिइएको । | ▪ वाल विकास केन्द्र मा वालवालिकाको शिक्षामा पहुँच वृद्धि भएको । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ७४ प्रतिशत | ▪ ९० प्रतिशत पुगेको | बाल बिकाश केन्द्रमा बिद्यार्थी भर्ना गरियो । |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समूहका | ७ प्रतिशत | ▪ ५ प्रतिशतमा झरेको | छात्रबृति, पाठ्य पुस्तक लगायतका सुबिधा दिने |

| | | | |
|---|---|---|---|
| बालबालिका संख्या वा प्रतिशत | | | गरेको । |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | ८४ प्रतिशत | ▪ ९० प्रतिशत | बाल बिकासबाट कक्षा १ मा भर्ना गर्ने गरेको । |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | रेकर्ड नभएको | कक्षा दोह्रयाउने १०.०१<br>▪ कक्षामा उतीर्ण ८८.३१ | निरन्तर बिधार्थी मुल्यांकन गर्ने गरेको । |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | ८० प्रतिशत | ▪ ९५ प्रतिशत | ▪ तालिम केन्द्रबाट १० महिने तालिम ।<br>▪ जि.शि.का बाट टि.पि.डि.तालिम |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ३० देखि ३५ | ▪ २५ देखि ३० अनुपातमा | कक्षाकोठाको अभाव नभएको । |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | रेकर्ड नभएको | ▪ बिधालयहरु बिभिन्न संघ संस्थाहरुबाट समन्वय गरेको । | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | भवन मर्मत संभार २८ कोठा | ▪ स्थानीय निकायबाट भवन मर्मत घेराबेरा र चर्पी निर्माणको लागि समन्वय गरेको । | १४ वटा थप भवन मर्मत भइ सकेको । |
| दलित बालबालिकाको शिक्षमा पहुच | सूचना यकिन नभएको | ▪ दलित छात्रबृति, बिधालय स्वागत कार्यक्रम तथा बिधार्थी भर्ना अभियान | ८९.५ प्रतिशत |
| **खानेपानी तथा सरसफाइ** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | गत बर्षको रेकर्ड नभएको | ▪ नयाँ परियोजना संचालन, ह्वील ट्यांकी बनाएर प्रयोग गरेको । | ८७.२५ प्रतिशत |
| सौचालय भएको संख्या वा प्रतिशत | प्रतिशत ६९.४३ | ▪ बाल क्लब गठन र तालिम ब्यवस्था ।<br>▪ सरसफाई सम्बन्धि जनचेतना<br>▪ खानेपानी, वेल, जि.बि.स., नेवा, प्लान नेपाल, वोल्ड भिजन लगायतका संघ संस्थाहरु ओ डि एफको लागि प्रयासरत छन् ।<br>▪ सन् २०१५ सम्ममा ओ डि एफ घोषणा गर्ने योजना । | ▪ सौचालय भएको १०० प्रतिशत परिवारले सौचालय प्रयोग गरि हात धुने गरेको<br>▪ सर सफाईमा चेतना बृद्धि,<br>▪ १३ वटा गाबिसहरुमा दिसामुक्त क्षेत्र घोषणा भई सकेको छ । |
| सुधारिएको चुलो भएको परिवार संख्या | धातुले बनेको चुलो २१२<br>माटोले बनेको चुलो ७५ | ▪ धातुले बनेको चुलो १४७० र माटोले बनेको २६८५ | ▪ ५ गाबिसलाई धुवामुक्त क्षेत्र घोषणा गर्ने वडा घोषणा अभियानको शुरुवात<br>▪ जनचेतना अभिबृद्धि बढ्दो |

| | | | |
|---|---|---|---|
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | रेकर्ड नभएको | बालबिवाह बिरुद्धको अभियान संचालन र सहकार्य बढेको | सचेतना अभिबृद्धि, बाल बिवाहमा कमि |
| सामाजिक बिकृति, विसंगति | ▪ अपहरण २<br>▪ ज.ज.क.उ. २६<br>▪ ज.ज.क. ३६<br>▪ मानवबेच बिखन ५५<br>▪ आत्महत्या ७५<br>▪ कर्तब्य ज्यान ६<br>▪ भवितब्य २६ | ▪ दुर्व्यसन विरुद्ध जनचेतना वढाइएको ।<br>▪ विकृति र विसंगति नियन्त्रणमा नेपाल प्रहरीको संलग्नता रहने गरेको<br>▪ महिला हिंसा, दहेज प्रथा बिरुद्ध जनचेतना मुलक कार्यक्रम सञ्चालन<br>▪ सामाजिक बिकृतिमा सम्लग्न ब्यक्तिहरुलाई कडा सजायको ब्यवस्था | ▪ सामाजिक विकृति र विसंगति न्यूनिकरणमा सर्वसाधरणको जागरणमा बढोत्तरी भएको । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | प्रत्येक गाविसमा भत्ता बितरण गरेको | ▪ सबै गाविसहरुमा अपांगता परिचय पत्र वितरण भएको ।<br>▪ वार्षिक रुपमा तथ्यांक अद्यावधिक गरी वेभसाइटमा राखिएको । | जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जातीहरुले सामाजिक सुरुक्षा भत्ता प्राप्त गरेको । |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | बि.उ.म.न.पा.मा बालश्रममा केहि कमि भएको जसले ११२२ जना बाल श्रमिक देखाएको छ । | ● बाल श्रम बिरुद्धको अभियान संचालन ।<br>● वालश्रम विरुद्धमा जनचेतना ।<br>● वालक्लवहरुको परिचालन । | ● प्लान नेपाल, यूनिसेफले बिबिध कार्यक्रम मार्फत बाल श्रम न्यूनिकरणको काम भएको छ ।<br>●बालश्रम विरुद्धमा जनचेतना र अनौपचारिक छलफल हुनथालेको । |
| बाल क्लवहरूको अवस्था | सूचिकृत ३३० वटा | ● बाल क्लबका सदस्यहरुलाई बिभिन्न प्रकारका तालिम, exposer visit, सर सफाई अभियान, सडक नाटक, अतिरिक्त कृयाकलापमा सहभागिता गराउने ।<br>● बालक्लबहरुको पुनर्गठन गरिएको । | ● बाल क्लब ९०० को हाराहरीमा छन् ।<br>● बाल क्लबहरुमा सुदृढिकरण भएको ।<br>● बालबालिकाहरुमा नेतृत्व गर्ने क्षमताको बिकाश ।<br>● गाविसमा वाल संरक्षण उपससमित रहेका छ । |
| महिला हिंसा | १४० जना | ● लैंगिक हिंसा सम्वन्धी घटेका घटनाहरुको विवरण संकलन गर्ने गरिएको ।<br>● दुई पक्षलाई झिकाई छलफल गराउने र मिलापत्रको लागि तारिकमा राख्ने । | ● प्राय दुवै पक्ष मिलेर बस्ने गरेको । |
| रोजगारीको | रोजगारीको | ● बिभिन्न सीपमुलक तालिमहरु | ● रोजगारीमा अभिबृद्धि भएको |

| | | | |
|---|---|---|---|
| अवस्था | अवस्थाबारे यकिन तथ्यांक नभएको । | संचालन ।<br>● अल्पकालीन तथा दिर्घकालीन रोजगारीको अवसर सिर्जना भएको ।<br>● सडक निर्माण, भवन निर्माण जस्ता योजनाहरुबाट अल्पकालीन र प्रत्यक्ष रोजगारीको सिर्जना भएको । | ● |
| स्वरोजगारका अवसरहरु | | ● कम्प्युटर, व्युटी पार्लर, ढाकाटोपी बुनाइ, मोवाइल मर्मत, हाउस वायरिङ्ग तालिम दिइएको ।<br>● लोक सेवा तयारी कक्षा संचालन भएको।<br>● विभिन्न विषयगत कार्यालयबाट समेत सीप विकास तथा आय आर्जनका तालिम, प्रसार सेवा, अनुदान दिने व्यवस्था गरेको छ । | ● जिल्ला भरीका बेरोजगार यूवाहरुले प्रत्येक्ष अप्रत्येक्षरुपमा रोजगार पाएकाछन् । |
| गरिवी निवारणका प्रयासहरू | सरोकारवाला निकाय हरुसँग समन्वय गरि गरिव लक्षित कार्यक्रमहरु संचालन भइरहेको छ । | ● बिपन्न परिवारका लागि बिभिन्न प्याकेज कार्यक्रम ।<br>● छात्रबृतिको व्यवस्था । | ● रोजगारीका लागि प्राबिधिक तालिम प्राप्त गरेको ।<br>● आय आर्जनमा बृद्धि ।<br>● विषयगत कार्यालयहरुको समेत समन्वयमा गरीव लक्षित कार्यक्रमहरु संचालनमा रहेका ।<br>● बचत अभिवृद्धि । |
| सामाजिक परिचालन | अवसर, रोजगारी, अधिकार आदि क्षेत्रमा समावेशी तथा समान अधिकार | ● ५० वटै गाविसका सबै वडाहरुमा वडा<br>नागरिक मंचको गठन तथा पुनर्गठ गरिएको<br>● हरेक गाविसको पहुँच नक्सांकन भएको ।<br>● अति विपन्न ५० वटा बस्तीमा नागरिक सचेतना केन्द्र गठन गरिएको ।<br>● सामाजिक परिचालकहरुलाई रिफ्लेक्ट तालिम दिइएको ।<br>● अति बिपन्न तथा दलित परिवारहरुमा आय आर्जनका लागि जीविकोपार्जन परियोजना संचालन ।<br>● नीतिगतरुपमा सम्पुर्ण जात जाति, लिंग, वर्ग, धर्म, हरुको समावेशी, | ● नागरिक सचेतना केन्द्र मार्फत ... परिवार लाभान्वित भएका छन् ।<br>● सरसफाई सम्वन्धी सचेतना विकास ।<br>● विपन्न समुदायका योजनालाई प्राथमिकता दिइएको ।<br>● स्वरोजगारको बृद्धि, आय आर्जनमा बृद्धि, समान अवसर आदि । |
| वातावरण सुधारका | ● वातावरण प्रदुषणका लागि जाँच, पानी धुवा | ● वन तथा वातावरण समितिबाट वातावरण सुधार सम्वन्धी समन्वय | ● हुलास वायर धुवा नियन्त्रणमा सुधार भइ सकेको । |

| | | | |
|---|---|---|---|
| प्रयासहरू | धुलो परीक्षण भएको । | गरेको ।<br>● जल वायु प्रदुषणको जाच गर्ने प्रकृया अघि बढेको । | ● जिल्ला भरीका उधोगहरुमा वायु प्रदुषणको जाच गरी सुधारको लागि बिशेष पहल भइरहेको छ ।<br>● सार्वजनिक शौचालयहरु निर्माण भएको । |
| एच.आई. भि. र एड्स | जम्माः संक्रमित संख्या १३३९ जना | ● एच आइ भी एडस् को अनुगमन र न्युनिकरणको लागि योजना बनाउने<br>● बसाइ सराई गरि आएका कामदारहरुलाई बिशेष ध्यान दिने ।<br>● गाउ वडा समन्वय समिति लाई परिचालन ।<br>● रोकथामका लागि परामर्श दिने व्यवस्था ।<br>● रक्त परीक्षण र परामर्श सेवा प्रदान गरिने गरिएको । | ● एच.आई.भि संक्रमित बढ्दै गएको ।<br>● संक्रमित व्यक्तिहरुले परामर्श सेवा प्राप्त गरिरहेका ।<br>● रक्त परीक्षण गरेको । |
| विकासमा समान सहभागिता | नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सहभागिता बृद्धि भएको | ● बिभिन्न नीतिबाट बिकाशमा समान सहभागितामा सुनिश्चितता गरिएको छ ।<br>● जिविसको कार्यालयले दलित वर्ग समन्वय समिती, महिला समन्वय समिति र आदिवासी तथा जनजाती जिल्ला समन्वय समिति अन्तर्गत समावेशी प्रक्रिया अवलम्बन गरेको ।<br>● सम्वन्धित विषयहरुका लागि सम्वन्धित समन्वय समितिबाट नै वजेट खर्चहरु गरेको । | ● महिला समन्वय समिति, आदिवासी तथा जनजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति लगायतका नीतिगत समितिहरुको गठन तथा परिचालन हुनु ।<br>● बाल संजाल, महिला संजाल, समन्वय समिति द्धारा सहभागिता सुनिश्चित भएको छ । |
| **सेवाहरुमा पहुँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | स्थानीय बजार सम्मको पहँच बढाउन सडक बिस्तारमा जोड दिएको | ● सबै गाबिसमा सडक सञ्जाल को पहँच पुग्ने ।<br>● पाटी गा.बि.स.लाई पनि सदरमुकाम संग जोड्न प्रयास भइरहेको | ● सबै गाबिसमा सडक सञ्जाल को पहँच पुग्ने योजना बनिसकेको ।<br>● स्थानीय हाटबजार पुग्न लाग्ने समयमा कमी भएको |
| कृषि सेवा जान लाग्ने समय | कृषि सेवा केन्द्र ७ वटा भएको र जनताको पहुच कठीन भएको | ● सेवा प्रवाहमा सुधार भइरहेको ।<br>● सरकारले एक गाविस एक प्राविधिक उपलब्ध गराउने घोषणा । | नेपाल सरकार संग कृषि सेवा केन्द्र बिस्तारका लागि सिफारिस गरिएको । |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्तकृत वर्गको संख्या, निजहरुले पाएको | सेवा सुविधा प्राप्तिमा प्राथमिकता | ● लक्षित वर्गको बजेट सिलीङ्ग वितरण<br>● इलाकास्तरमा माग भएका कार्यक्रम संवोधन गरिएको ।<br>● अनुगमन , कार्यान्वयनमा सहभागीता | ● स्वरोजगारमा अभिबृद्धि<br>● शिक्षामा पहुच बढेको ।<br>दलित छात्र छात्राहरुलाई छात्रवृति वितरण । |

| | | | |
|---|---|---|---|
| सेवा तथा दिइएको बिषेश अवसरहरु | | ३३ प्रतिशत शुनिश्चित गरिएको । | |
| **संस्थागत क्षमता** | | | |
| जनशक्ति | प्रशासनिकः ३५<br>मः ३<br>पूः ३२<br>प्राबिधिकः २९<br>ड्राइभर ३ जना<br>का.स. २२<br>मः २<br>पुः १९ | • जनशक्तिहरुलाई क्षमता बिकास तालिम, सशक्तिकरण र अध्ययन अवलोकन भ्रमण संचालन गर्दै आएको छ । | • संस्थागत सुधारमा बढोत्तरी हुदै गरेको । |
| नीति तथा कार्यक्रम | • दिशामुक्त क्षेत्र घोषणा<br>• एकीकृत बिकास अभियान संचालन<br>• बालमैत्री<br>• ग्रामिण प्रर्यटन<br>• बिधुतीय सुशासन | • दिशामुक्त गाविस १३ वटा भएको ।<br>• पोखरिया र सिंहदेवी गाबिसले आवधिक योजना तयार गरेको ।<br>• शत प्रतिशत जन्म दर्ता अभियान<br>• खेलकुद सामग्री बितरण<br>• बाल बिकाश केन्द्र मर्मत संभार<br>• बालबालिकाको सचेतना तथा क्षमता अभिबृद्धि कायृक्रम<br>• सिंहदेवी र लेटांग न.पा.को धोवी डाँडामा होमस्टे शुरुवात भएको ।<br>• सडक यातायातमा सुधार ।<br>• प्राकृतिक सुन्दरताको संरक्षण र प्रबर्द्धन<br>• बिधुतीय सुशासनः कम्प्युटरमा व्यक्तिगत घटना दर्ता सम्बन्धि तालिम, software install र गाबिस website संचालन सम्बन्धि अभिमुखिकरण । | • स्वास्थ्य र सरसफाई क्षेत्रमा जन चेतना अभिबृद्धि भएको ।<br>समुदाय परिचालनमा सकारात्मक परिर्वतन भएको ।<br>• बाल अधिकारको सुनिश्चितता<br>• बालबालिकाको क्षमतामा बिकास ।<br>• बालबालिकाको बिभिन्न बिदामा चेतनाको बिकाश ।<br>• आन्तरिक प्रयटकहरुको संख्यामा बृद्धि ।<br>• बिभिन्न व्यक्तिगत घटंना सम्बन्धि तथ्यांकहरु कम्प्यूटरमा राख्ने गरेको ।<br>• email internet को सुबिधा विस्तार भएको । |
| भौतिक व्यवस्था | कार्यालय भवन मर्मत सुधार, जेनेटर मर्मत संभार गरिरहनु पर्ने, बिधुतको सुधार गरियो । सडक यातायतमा सुधार गरेको । | • बिधुत समस्या समाधानका लागि सोलार जडान गरि संचालन ।<br>• बाह्रै महिना सडक यातायतमा सुधारको कार्यक्रम । | • प्राबिधिक कर्मचारीको व्यवस्थापन एउटै भवनमा भएको ।<br>• बिधुत समस्याको सामाधान भएको<br>• प्रत्येक कोठामा डेस्कटप, ल्यापटप, फोटोकपी मेसिन, प्रीन्टर, मल्टिमिडिया प्रोजेक्टर, फ्याक्स, टेलीफोन, स्क्यानर , इन्टरनेट, इमेल आदि व्यवस्था भएको । |
| समन्वय र सहकार्य | समन्वय र सहकार्यलाई प्राथमिकता दिएको । | • वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र सीम एन संग सहकार्य गर्दै आएको । | • जिविससँग समन्वय गरेर मात्र विभिन्न दातृ निकायहरुले काम गरिरहेको ।<br>• अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैससहरुसँग सहकार्य भइरहेको |

## ६.८. गतबर्ष भोगेका समस्याहरु :

समान्यतया सबै जिबिसहरुले आवधिक योजना तर्जुमा गर्दा जिल्ला बिकासका समस्या तथा चुनौतिहरु बिश्लेषण गरेको पाईएको छ । यसेका आधारमा जिल्ला बिकाश का समस्या तथा चुनौतिहरु निक्यौंल गर्नुपर्छ । जिल्ला मानवीय श्रोत, आर्थिक स्रोत र प्राकृतिक स्रोतलाई आधार बनाएर यस्तो बिश्लेषण गर्न सकिन्छ ।

- समाज कल्यान परिषदबाट स्वीकृति प्राप्त गरेका मध्ये केहि गैससहरुले जिल्लामा कार्यक्रम संचालन गर्न नसकेको ।
- राष्टिय योजना आयोगबाट स्वीकृत लिने कतिपय कार्यक्रम जिल्ला परिषदबाट सिफारिस गरे अनुरुप नहुने गरेको । जिल्ला परिषदको सिफारिस नगरेका कार्यक्रमहरु समेत राष्टिय योजना आयोग र अन्य केन्द्रिय निकायले बजेट बिनियोजन गर्ने गरेको ।
- निक्षेपित कार्यक्रमहरुको अनुगमन प्रभावकारी रुपमा हुन नसक्नु ।
- गाविसहरुको अनुगमन सुपरिवेक्षण कार्य प्रभावकारी हुन नसकेको ।
- जिल्ला भित्रका नदिनालाहरुबाट निस्कने ढुंगा, गिट्टी, बालुवा बिक्रिदर जिबिस र वन कार्यालयले उठाउने दोहरो परिपाटीका कारण कर संकलनमा कठिनाई ।
- जिबिसको आन्तरिक श्रोत तर्फको बजेट सिलिङ अर्न्तगत ईलाका गोष्ठीमा गाबिस अर्न्तगत बाँडफाँड गरी टुक्रे योजना छनौट भएको ।
- बिषयगत कार्यालयहरुले मंत्रालय तथा बिभागीय रुपमा अलग्गै योजना तर्जुमा हुने परिपाटीले सहभागितामूलक इलाकास्तरीया योजना तर्जूमा गोष्ठीबाट माग भएका कार्यक्रम हरु बढी भन्दा बढी मात्रामा छनौट हुन नसकेको ।
- समुदायबाट योजनाको माग बढीरहेको छ भने जिल्ला विकास समितिको आपूर्ती क्षमता न्यून छ ।
- जिल्लाको आन्तरिक आय बृद्धि गर्नको लागि श्रोत अध्ययन विश्लेषण गरिएको । यसको आधारमा ढुंगागिटी, वलुवाको खोला बिक्रीको लागि दुईवटा प्याकेज बनाई ठेक्का बन्दोबस्त गरी आन्तरिक श्रोत बृद्धिमा उल्लेखनीय सफलता हासिल भएतापनि त्यसको समयमा व्यवस्थापन गर्न नसक्दा राजस्व घट्ने संभावना रहेको ।
- भौतिक पूर्वाधार निर्माण प्रकृयामा जनपरिचालनको कमजोर अवस्था रहेको छ ।
- ठूला पूर्वाधार परियोजनाका लागि स्रोतको कमी रहेको छ । जसले गर्दा गुणात्मक लगानी गर्न सकिएको छैन । परिणामतः पूर्वाधार योजनाबाट प्राप्त हुने सामाजिक लाभ ढिलो हुने गरेको छ ।

- आन्तरिक आयमा कमी भएकोले केन्द्रको स्रोत कटौती हुँदा योजना सम्पादनमा कठिनाइ भएको ।
- योजना कार्यान्वनका महत्वपूर्ण पक्षहरु भनेका निर्माण व्यवसायीहरु हुन् ।
- समयमा योजना सम्पन्न गर्न र गुणस्तरीय निर्माणमा उनीहरु जवाफदेही बन्न सकेका छैनन् ।
- आर्थिक वर्षको अन्त्यमा बजेट प्रवाह बढी हुने भएको हुँदा आ.व.को अन्त्यमा मात्र निर्माणका कामहरुको चाप बढ्ने गरेको छ । जसले गर्दा योजना अनुगमनमा कठिनाइ, जनशक्ति व्यवस्थापनमा कठिनाई हुने गर्दछ ।
- बजेट तथा कार्यक्रम समयमा उपलब्ध नहुनु पनि स्थानीय निकायले भोगीरहेको समस्याको रुपमा देखा परेकोछ ।

## ६.९.सुधारको लागि चाल्नु पर्ने पाइलाहरु

### ६.९.१ स्थानीय स्तरमाः

- समयमा नै योजनाहरू तर्जुमा गरी जिल्ला विकास समितिमा पठाउने ।
- कार्यक्रमहरूको सहि ढंगमा सम्पादन गरी यथा समयमा फरफारक गर्नुपर्ने ।
- स्थानीय कार्यका लागि विस्तृत छलफल गरी कार्यक्रम तर्जुमा गर्नु पर्ने ।
- जिल्ला विकास समितिलाई यथा समयमा कार्यको विवरण तथा कार्य प्रगति प्रतिवेदन दिनु पर्ने ।
- कार्यक्रमहरू जिविसको बजेटले थेग्न सक्ने प्रकारका हुनुपर्ने ।
- योजना तत्काल राष्ट्रिय प्राथमिकताका आधारमा तयार पार्नुपर्ने ।

### ६.९.२ जिल्ला स्तरमाः

- प्रत्येक टोल र गाउँबाट आएका योजनालाई प्राथमिकताका आधारमा छनौट गर्नुपर्ने ।
- तुरन्तै गर्नुपर्ने र विस्तारै गर्दा हुने कार्यक्रमहरूको वर्गिकरण गरी प्राथमिकता तोक्नु पर्ने ।
- कर्मचारीको क्षमता अभिबृद्धि गर्नुपर्ने ।
- नागरिक वडापत्रका लेखिएका विषयवस्तुलाई कार्यान्वयन गर्न विशेष योजना बनाउनु पर्ने,
- योजनाका काममा तुरन्त निकासा दिनु पर्ने, फछ्यौट शिलशिलामा भएका झन्झटहरूलाई कम गर्दै जानु पर्ने ।
- ससाना कामका दुर्गम गाउँबाट जिल्लासम्म धाउनुपर्ने कार्यलाई कम गर्नु पर्ने ।
- कार्यक्रम खर्च यथासमयमा गर्नु पर्ने ।

- योजना सम्पन्न भएपछि त्यसको अनुगमन यथासक्य चाँडो गरी फछ्र्यौट गरिदिनु पर्ने ।
- सामाजिक विकासका कार्यक्रमहरु प्रतिस्पर्धाको आधारमा संस्था छनौट गरी कार्यान्वयनको जिम्मेवारी दिनु पर्ने ।
- सीप विकास, आयआर्जन कार्यक्रमबाट कति स्वरोजगार भए भन्ने तथ्यांक अभिलेख राख्नु पर्ने ।
- आर्थिक प्रशासन नियमावली अनुसार तोकिएको बजेट सिमा भित्रका कार्यक्रम संचालनमा उपभोक्ता समितिलाई विशेष ग्राहयता दिई नियमित अनुगमन र सुपरिवेक्षण गरिनु पर्ने ।

**६.९.३ केन्द्रबाट :**

- जिल्ला विकास समितिलाई दिइने अनुदान रकम आर्थिक वर्ष सुरू हुनासाथ निकासा दिनु पर्ने ।
- स्थानीय निकाय नियमावली र स्थानीय स्वायत्तशासन ऐन तथा स्थानीय निकाय नियमावली समय सापेक्ष संशोधन गरी छिटो र छरितो ढंगले कार्य गर्न सक्ने बनाउनु पर्ने ।
- बजेट निकासा, अनुदान दिने र फरक फारक गर्ने विषयवस्तुसँग सम्बन्धित कार्यकमका लागि आर्थिक नियमावलीमा सरल प्रकृया लागु गर्नुपर्ने ।
- जिल्ला विकास समितिमा क्षमता अभिबृद्धि तथा कर्मचारी व्यवस्थापनका लागि समेत सहयोग गर्नुपर्ने ।
- स्थानीय निकायको चुनाव गरेर वा मनोनयन गरी राजनैतिक प्रतिनिधित्व गराई वर्तमानको राजनैतिक संयन्त्रबाट गरिने कार्यमा परिवर्तन ल्याउनुपर्ने ।
- अधुरा योजनाहरूको पूर्णताका लागि प्राथमिकताका साथ बजेट निकासा गर्नु पर्ने ।

**६.९.४ अवसर र संभावनाहरुः**

- विभिन्न गैरसरकारी संस्थाले सिधै समाजकल्याण मन्त्रालय मार्फत यस जिल्लामा गरिने कार्यक्रमहरुमा ठुलो बजेट खर्च भैरहेको हुदाँ त्यसको लेखाजोखा र समन्वय हुन सकेमा विकासका थप अबसरहरु बढ्नेछन् ।
- जिल्ला परिषदबाट स्वीकृत कार्यक्रमहरुमा केन्द्रले हेरफेर नगरी स्वीकृत गर्ने प्रणाली भएमा जिल्लाको थप श्रोत अन्य प्रथामिकता प्राप्त क्षेत्रमा लगानी गर्न संभब हुने देखिन्छ ।

- जिल्लाको प्राकृतिक श्रोत ढुंगागिटी, बालुवामा जिल्ला बन कार्यलयबाट पनि लगाईने दोहोरो कर प्रणाली ब्यबस्थित गर्न सकेमा जि.बि.स को आन्तरीक श्रोतमा बढोत्तरी हुनेछ । खोला बिक्रीका लागी साना ठेकेदारहरुले पनि प्रतिस्पर्धा गर्न सक्नेगरी प्याकेज बनाई लगाउदा श्रोत बृद्धि हुने देखिन्छ ।

- कृषि र कृषि प्रर्यटनको प्रबर्द्धनः व्यवसायिक खेति तथा बजार व्यवस्थापन, कृषिमा आधुनिकिकरण, कृषि यान्त्रिकरणको बिकाश गरी स्वरोजगारको अवसर सिर्जना गर्न सकिने प्रशस्तै संभावना देखिन्छ ।

- उधोग, शिक्षा, स्वास्थ्य, संचार क्षेत्रमा तीब्र विकासको कारणले यस जिल्लाका दक्ष जनशक्तिहरुलाई जिल्ला भित्रै रोजगारको व्यवस्था गर्न सकिने प्रशस्तै संभावना देखिन्छ ।
- पर्यटन क्षेत्र बिस्तार पनि यो जिल्लाको आर्थिक विकासका लागि महत्वपूर्ण क्षेत्रको रुपमा लिन सकिन्छ । यो क्षेत्रको विकासको लागि नीजि तथा सरकारी क्षेत्रको संयूक्त प्रयास हुनु पर्दछ ।
- गै.स.स.हरु को पहलबाट बिभिन्न स्रोतहरुबाट बजेट ल्याई सामाजिक, आर्थिक तथा पुर्वाधारको क्षेत्रमा विकास गरेको पाईन्छ ।

### ६.९.५ चुनौतिहरुः

- **जिल्ला विकास समितिका चुनौतिहरुः श्रोतः स्थलगत छलफलका आधारमा**
- सन २०१५ सम्ममा खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्न असम्भव भएकोले द्रुत कार्य योजना बनाई लागु गर्नु पर्ने ।
- गैसस, स्थानीय निकाय, राजनैतिक दल र सर्व साधारणहरु बीच समन्वय र सहकार्यको कमि ।
- भौतिक निर्माण कार्यका लागि बजार मुल्य घटबढको कारणले कहिलेकाही सम्झौता अनुसारको काम सम्पन्न गर्न कठिनाई भएको ।
- जन सहभागिता जुटाउन समस्या ।
- रकम निकासा आ.ब.को अन्त्य तिर हुने गरेकोले कार्य सम्पादनमा बाधा हुने र हतारमा काम सम्पन्न गर्नुपर्ने भएकोले गुणस्तरमा कमि ।

**सामाजिक परीक्षकको नाम : अम्बु विष्ट**
**दस्तखत :**

**संस्थाको नामः** सगरमाथा सामुदायिक संस्था विराटनगर
**मितिः** २०७२।०७।२९

## ७. विषयगत कार्यालयहरुको विवरणः(अनुसुचि ३ बमोजिम)

यस परिच्छेदमा विषयगत कार्यालयहरुको विवरण उल्लेख गरिएको छ । जसमा जिल्ला विकास सहित ७ वटा कार्यालयहरु र २ वटा गैरसरकारी संस्थाहरुको विवरण उल्लेख गरिएकोछ ।

### ७.१. जिल्ला स्वास्थ्य कार्यालय, मोरंग

१. विषयगत कार्यालयको नाम : जिल्ला स्वास्थ्य कार्यालय, मोरंग

२. लक्ष्यः

- मृत्यूदर घटाउने र स्वस्थ जनशक्ति तयार गर्ने ।
- आम नेपाली नागरीकहरुलाई उनिहरुको समग्र स्वास्थ्यमा सुधार ल्याई स्वास्थ्य जीवन यापन गर्न मद्धत गर्ने ।
- सेवाको पहुँच नपुगेका वर्ग, लिंग, क्षेत्र, जातजातिको पहिचान गरी उनिहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्नु ।
- जनस्वास्थ्य सेवाको विस्तारबाट ग्रामिण जनसमुदायको स्वास्थ्यअवस्थामा सुधार गर्नु ।

### ३. मूख्य उद्देश्यः

- नेपाली नागरीकलाई रोग लाग्नबाट बचाउनको लागी रोगको रोकथाम बारे चेतना जगाई निरोगी रहन प्रेरित गर्ने ।
- नागरिकहरुमा औषधि आपूर्ती बढाउनको लागि बिभिन्न सर्ने तथा नसर्ने रोगबाट बचाउन तथा अन्य सेवाहरु प्रदान गरी स्वास्थ्य रहन चेतना अबिबृद्धि गर्ने ।
- स्वास्थ्य संजालहरुको माध्यमबाट स्वास्थ्य संरक्षणात्मक, प्रवर्द्धनात्मक र निदानात्मक सेवा उपलब्ध गराउनु ।
- स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुबाट रोग नियन्त्रण गर्नु ।
- बाल तथा मातृ मूत्युदर घटाउने
- रोगीको संख्यामा कमि ल्याउने
- स्वास्थ्य स्तर प्रवर्धन गर्ने

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| आयोजनाको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| एकिकृत प्रजनन् तथा महिला स्वास्थ्य | • परिवार नियोजन कार्यक्रम<br>• सुरक्षित मातृत्व कार्यक्रम<br>• महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम र<br>• आउटरिच कार्यक्रम संचालन गर्नु । | • सुरक्षित सुत्केरी गराउने आमाहरुको संख्या बढेको छ । | |
| थानीय तहमा | • जिल्लाका सबै स्वास्थ्य तथा उप | • जिल्लाका सबै स्वास्थ्य तथा उप | |

| | | | |
|---|---|---|---|
| जनसंख्याको व्यवस्थापन सम्बन्धी कार्यक्रम | स्वास्थ्य चौकीका इन्चार्जहरूलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गर्ने | स्वास्थ्य चौकीका इन्चार्जहरूलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गरिएको | |
| एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम | • आम नेपाली नागरीकहरुलाई उनिहरुको समग्र स्वास्थ्यमा सुधार ल्याई स्वास्थ्य जीवन यापन गर्न मद्धत गर्ने । | • आम नेपाली नागरीकहरुलाई उनिहरुको समग्र स्वास्थ्यमा सुधार भएको । | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू:**

- समन्वय (सरकारी तथा गैससहरुवीच)
- स्वास्थ्य सम्वन्धी शिक्षा, सूचना, तथा संचार
- वार्षिक समिक्षा तथा प्रतिवेदन

**६. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू:**

- बजेट कार्यक्रम समयमा उपलब्ध नहुनु ।
- लक्षित जनसंख्या वढी भएको देखिएको । (करिब ३५ हजार जनसंख्या फरक देखिएको ।)
- फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुको अवकाश तथा सरुवाको कारणले निरन्तर सेवा प्रवाहमा असर परेको ।
- शल्यक्रियाद्वारा प्रसुती गराउने सेवा अवरुद्ध भएको ।
- कार्यक्रम र सेवा विस्तार भएको कारणले कार्यबोझ बढेको ।
- जिल्ला स्थित केही संघ संस्थाहरुबाट संचालित कार्यक्रमहरुको जानकारी तथा प्रतिवेदन समयमा प्राप्त नभएको ।

**७. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

- बजेट कार्यक्रम समयमा उपलब्ध हुनुपर्ने ।
- २०६८ को जनगणना अनुसार लक्ष्य निर्धारण गरिनुपर्ने ।
- अबकाश भएको कर्मचारीहरुको स्थान समयमै पदस्थापना वा भर्ना गरिनुपर्ने ।
- करारमा कर्मचारी नियुक्तिको व्यवस्था हुनुपर्ने ।
- शल्यक्रियाद्वारा प्रसुती गराउनका लागि दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
- कार्यक्रम र सेवा विस्तारको दाँजोमा थप जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
- जिल्ला स्थित स्वास्थ्य सम्वन्धी कार्यक्रमहरुको जानकारी तथा प्रतिवेदन नियमित रुपमा
- सम्वन्धित सबै संघ संस्थाहरुले उपलब्ध गराउनुपर्ने ।

**७.२ जिल्ला वन कार्यालय:**

**१. विषयगत कार्यालयको नाम : जिल्ला वन कार्यालय, मोरंग**

**२. लक्ष्य**

- दिगो वन व्यवस्थापन, पारिस्थितिकीय सेवा र रोजगारीकालागी जनसहभागीतामूलक व्यवस्थापनका माध्यमवाट वन कार्ययोजना अनुसार व्यवस्थापनका कृयाकलाप सचालन गर्दै समावेशी र सूशासनयुक्त वन क्षेत्रमा रुपान्तरण गर्ने ।

**३. मूख्य उद्देश्य (बुंदागत रूपमा लेख्ने)**

**क. दिर्घकालिन उदेश्यहरु**

- हैसियत बिग्रेका तथा झाडीयुक्त वनलाई उत्पादनशिल वनको रुपमा बिकास गर्ने ।
- जिल्लाका सबै प्रकारका वनहरुको व्यवस्थापन गरी वन पैदावारहरु योजनाबद्ध तवरले सतत् रुपमा परिपूर्ति गर्न स्थानीय उपभोक्ताहरुलाई दिगो वन व्यवस्थापनमा अग्रसर गराउने ।
- जिल्लाको वन पैदावारको माँग र आपूर्ति स्थितीमा संतुलन ल्याउने ।
- सामुदायिक वन विकास कार्यक्रम मार्फत विपन्न, महिला र पिछडिएका वर्गको आर्थिक, भौतिक र सामाजिक स्तर वृद्धि गरी उनीहरुको जीविकोपार्जनमा टेवा पुऱ्याउने ।
- जिल्लाको जैविक विविधता, माटो, पानी, आदि प्राकृतिक श्रोतहरुको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्ने ।

**ख) अल्पकालिन उद्येश्यहरु**

- वनको हैसियतमा सुधार ल्याउने ।
- दैनिक आबश्यक पर्ने वन पैदावारहरुको आपूर्ति गर्ने ।
- वन बिकास कार्यमा जनसहभागिता बढाउने ।
- रोजगारीको अवसर श्रृजना गर्ने ।
- वन पैदावारमा आधारित उद्योगहरुलाई कच्चा पदार्थको आपूर्ति गर्ने ।
- निजी तथा सामुदायिक वनको विकासबाट स्थानीय उपभोक्ताहरुको परनिर्भरता कम गर्ने ।

**४. सामुदायिक वनमा देखिएको कमजोर र सुधार गर्नु पर्ने पक्षहरु :**

**सामूदायिक वन देखिएका सवल पक्ष**

- केहि सा.ब.उ.स.हरुको पारदर्शीता तथा अद्यावधि लेखा प्रणाली भएको ।
- वन पैदावारकोसमुचित सदुपयोगको केहि समूहमा प्रयास भएको ।
- घुम्तिकोषको नियमित लगानी तथा असुलीको प्रयास ।
- कार्ययोजनाको सही कार्यान्वयनको लागी केहि समूहहरु सक्रिय रहेको ।
- धुम्ती कोष कार्यक्रमले विपन्न उपभोक्ताहरुमा हौसला बढेको ।
- सामुदायिक वनको व्यवस्थापनमा प्राय निश्कृय/ प्रयोगमा सकृय भएको ।

- वन कार्यालय/रेन्जपोष्ट र सा.व. को समन्वय तथा सम्वन्ध टाढीदै गएको ।
- पारदर्शिता तथा सुशासनमा कमी ।
- उपभोक्ता समितीमा महिला प्रतिनिधीहरुको सख्यामा उल्लेख्य वृद्धि भएको र बैक खाता संचालन गर्दा महिला प्रतिनिधी राख्न शुरुवात भएको ।

**५. सामुदायिक वनमा सुधार गर्नु पर्ने पक्ष**

- खाली तथा खोला क्षेत्रमा पर्याप्त वृक्षारोपण नगरिएको ।
- जडीबुटीको संरक्षण तथा विस्तार कार्यमा जोड नदिएको ।
- वन सम्वर्द्धन तथा वन विकास कार्यमा सवै समुहवाट २५ प्रतिशत रकम खर्च नभएको आयमूलक कार्यमा खासै ध्यान नदिएको ।
- महिलाहरुको अर्थपूर्ण तथा सक्रिय सहभागिता नरहेको ।
- नियमित वन संरक्षणमा जोड नदिएको ।
- चरिचरणको उचित व्यवस्था मिलाउन नसकेको ।
- उपभोक्ताहरुलाई क्षमता विकास सम्बन्धी तालिम गोष्ठी संचालन नगरिएको ।
- वन सम्वर्द्धन तथा वन विकास कार्य सुचारु रुपले नभएको ।
- वन सम्वर्द्धनका कार्यहरु प्राविधिक रुपमा सवल नरहेको ।

**६. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू:**

- सामुदायिक वन व्यवस्थापन र शुशासन ।
- योजनावद्ध कार्यक्रम संचालन गर्ने समूहहरुलाई जागरुक गराएको ।
- सामुदायिक वनको सवै क्रियाकलापको लेखा जोख गर्ने प्रकृयाको थालनी गरिएको छ ।
- सम्पूर्ण उपभोक्ताहरुलाई समिक्षा गर्नको लागि आय व्यय विवरण र कृयाकलापको Data पेश गर्न लगाएको ।

**७. सामुदायिक वन उपभोक्ता समूहको सुधारका लागी चालिएका पहलकदमीहरु**

- उपभोक्ता महासंध, मोरंगको सहकार्यमा गाउं महासंघ र रेन्जपोष्टका कर्मचारीको संयुक्त प्रयासमा वन व्यवस्थापनमा र कृयाकलापमा समन्वय गरी सह कार्यको थालनी भएको ।
- सा.वनको वन कार्य योजनाको म्याद समाप्त भएका ब्यवसायिक सा.ब.उ.स को आर्थिक हिनामिना नहोस र कार्य योजना निमाण गर्न समूहको सक्रियता बढोस भन्ने उद्देश्यले त्यस्ता समूहहरुको बैङ्क खाता रोक्का गरीएको ।
- गत आ.ब मा खर्च भएको आय ब्ययको लेखा परिक्षण र चालु आ.ब.को बार्षिक कार्यक्रम तथा अनुमानित बजेटको तर्जुमा गरी जि.ब.का.मा अनिबार्य पेश गर्नु पर्ने ब्यवस्था मिलाईएको ।

## ८. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- समूहमा नियमीत रुपमा आमसभा/बैठकहरु हुन नसक्नु,
- समूह सँख्या बढ्दो रुपमा भएपनि निष्कृय समूहको सँख्या पनि वढ्दो रुपमा हुनु,
- समूहहरुको कोष परिचालन २५ प्रतिशत वन विकास, ३५ प्रतिशत गरीवमुखी क्रियाकलापहरुमा संचालन हुन नसक्नु,
- म्याद सकिएका कार्ययोजनाहरुको सँख्या प्रशस्त हुनु
- सा.व. मार्गदर्शन २०६५ अनुसार सवै समूहहरुमा महिलाहरुको सहभागीता र समावेशी समिती वन्न नसक्नु
- कुनै सा.व.उ.स.मा विधान कार्ययोजना विपरीत कार्य गर्ने उपभोक्तालाई दण्ड जरिवाना गर्न नसक्नु,
- पुराना अतिक्रमणहरु समूहबाट हटाउन नसक्नु ।
- विभिन्न तालीम, गोष्ठीबाट हस्तान्तरीत सीप प्रविधिको कार्यान्वय समूहस्तरमा हुन नसक्नु
- समूहहरु वन विकासको कार्यमा भन्दा सामाजिक विकासमा केन्द्रीत हुनु,
- समूहको लेखा अभिलेख प्रणाली दुरुस्त रुपमा राख्न नसक्नु,
- घुम्तीकोषको अनुदान रकमको समुचित उपयोग हुन नसक्नु,
- उपभोक्ता समुहको माग अनुसारको प्राविधिक सहयोग पुर्‍याउन र सा.व.उ.स.हरुवाट संचालित क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन गर्न जनशक्तिको अभाव रहेको ।
- वन क्षेत्रको जग्गा व्यक्तिका नाममा दर्ता गर्ने प्रवृतीलाई निरुत्साहित गर्ने प्रयास जारी रहेतापनि दर्ता भईसकेका जग्गाहरुको अभिलेख लाई वन क्षेत्र नै कायम गर्न प्राविधिक कठिनाई भएको ।

## ९. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- खाली क्षेत्रमा वृक्षारोपण गरिनु पर्ने ।
- नियमित वन संरक्षणमा जोड दिनु पर्ने ।
- चरिचरणको उचित व्यवस्था मिलाउन मिलाउनु पर्ने ।
- उपभोक्ताहरुलाई क्षमता विकास सम्बन्धी तालिम गोष्ठी संचालन गर्नु पर्ने ।
- वन सम्वर्द्धन तथा विकासका कार्यहरु संचालन गर्नु पर्ने ।
- प्राविधिक तवरले वन ब्यवस्थापन र सम्वर्द्धनका कार्यहरुका लागि प्राविधिकको परामर्श लिएर मात्र कार्यक्रम संचालन गर्नु पर्ने ।
- महिला सचेतना तालिम संचालन गर्नु पर्ने ।
- वन सम्वर्द्धन तथा वन विकास कार्य हरेक वर्ष गर्नु पर्ने ।

- रे.पो. बाट वेलावेलामा अनुनगमन भई रहनु पर्ने ।
- कार्ययोजना अभिमुखिकरण गोष्ठी संचालन गर्नु पर्ने ।
- जंगलभित्र बाटो खनेकोले ठाँउ ठाँउमा पैह्रो गएको हुंदा बाटोको दायाँ वाँया वृक्षारोपण गर्नु पर्ने ।
- उपभोक्ता भित्रको आन्तरिक विवादलाई अन्त्य गरी समूह एकजुट भई वन संरक्षणमा जोडदिनु पर्ने ।
- रे.पो.बाट कम्तिमा ३ महिनामा एकपटक अनुगमन गरिनु पर्ने ।
- खाली क्षेत्रमा वृक्षारोपण गरिनु पर्ने ।
- नियमित वन संरक्षणमा जोड दिनु पर्ने ।
- चरिचरणको वन डढेलो उचित व्यवस्था मिलाउनु पर्ने ।
- उपभोक्ताहरुलाई क्षमता विकास सम्बन्धी तालिम गोष्ठी संचालन गर्नु पर्ने ।
- वन सम्बर्द्धन तथा विकासका कार्यहरु कम्तिमा पनि २५ प्रतिशत खर्च गरी कार्यक्रम संचालन गर्नु पर्ने ।

**.७.३ जिल्ला पशुसेवा कार्यालय**

**१. विषयगत कार्यालयको नाम : जिल्ला पशु सेवा कार्यालय**

**२. लक्ष्यः पशु धनको संरक्षण गर्दै आहारा, पजनन, तथा उन्नत प्रबिधिमा जोड दिइदै व्यवसायिकरण गर्ने ।**

**३. मूख्य उद्देश्य बुंदागत रूपमा लेख्ने**

- भौगोलिक आधारमा पशुजन्य पदार्थको उत्पादकत्व वढाई सहयोग पुऱ्याउने ।
- रोजगारिमूलक अवसरहरु वढाउने ।
- स्थानिय पशुहरुमा नश्ल सुधार गर्ने ।
- कृषकहरुलाई समुहगत रुपमा सेवा पुऱ्याउने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाका | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| प.से.के. (क) उर्लावारी भवन निर्माण तथा ओ.पि.डि. भवन निर्माण निरन्तरता | १ पटक | १ पटक | |
| व्यवसायिक गाईरभैंसी□बाखा□वंगूर पालन कार्यक्रम (कम्तीमा ५० जना) (ईलाका नं. ४,६,२,९) | ४ पटक | ४ पटक | कोशीहरैंचा, बयरवन, पथरी, दर्वेसा |
| पशूपालन २ दिने तालिम (आवश्यकता अनूसारको | ४ पटक | ४ पटक | कोशी हरैंचा, बाहूनी, मधूमल्ला, रंगेली |

| | | | |
|---|---|---|---|
| विषयमा) | | | |
| जनचेतना अभिवृद्धि सम्वन्धी कार्यक्रम | १६ पटक | १६ पटक | को.हरैंचा, बाहूनी, मधूमल्ला, रंगेली बेलवारी, उर्लावारी, |
| पशू स्वास्थ्य कार्यक्रम | १४५०० संख्या | १४५०० संख्या | बेलवारी,उर्लावारी,बाहूनी,रंगेली, सून्दरपूर,गोविन्दपूर, |
| पशू आहारा विकास कार्यक्रम | ४ पटक | ४ पटक | बेलवारी,उर्लावारी,बाहूनी,रंगेली |
| व्यवसायिक कार्यक्रमहरु | १० पटक | ८ पटक | जिल्ला भरी |
| पशू स्वास्थ्य कार्यक्रम | ३९५०० संख्या | ३९५०० संख्या | जिल्ला भरी |
| निक्षेपित कृ.ग. कार्यक्रम | ३६००० संख्या | ३६००० संख्या | जिल्ला भरी |
| पशू आहारा कार्यक्रम | २५ हेक्टर | २५ हेक्टर | जिल्ला भरी |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- पशु स्वास्थ्य घुम्तीकोषवाट ऋण लगानी गरि दुर्गम क्षेत्रका ग्रामिण पशु स्वास्थ्य कार्यकर्तामा ऋण लगानी गरि औषधी पसल स्थापना ।
- व्यवसायी उद्यमी कृषकलाई पशु पालन सम्वन्धि तालिम प्रदान गरेको जसवाट सिप हस्तारन्तरण भई व्यवस्थित व्यवसायी पशु पालन गरेको ।
- नश्ल सुधार कार्यक्रम समूह समितिमा वोका वितरण गरि मासु उत्पादन मा वृद्धि ।
- अनुदान र सहकार्य ।

**६. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

- कार्यक्रमले सवै क्षेत्रमा लक्षित वर्गहरुलाई समावेश गर्न नसकेको ।
- कार्यक्रम सम्पन्न पश्चात समूह समितिमा सामाजिक तथा आर्थिक परिचालनको क्षमता कम देखिएको ।

**७. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

- लक्षित वर्ग समाहित हुने खालका कार्यक्रमहरुको संचालन ।
- समूह तथा समितिहरुमा सामाजिक तथा आर्थीक परिचालन क्षमता बढाउने खालका कार्यक्रमहरु संचालन हुनुपर्ने ।

## ७.४ मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल ,उर्लावारी

### मुख्य उपलब्धीहरु

| सि न | परियोजना / कार्यक्रमको विवरण | कार्यक्रम संचालन स्थान | ईकाई |
|---|---|---|---|
| १ | एकिकृत योजना तर्जुमा समितिलाई अभिमूखिकरण, सूचनाको हक कार्यक्रम, न्यूनतम शर्त तथा कार्यसम्पादन मापन सम्बन्धि कार्याशाला गोष्ठि: | बयरवन,कोसीहरैचा, सुन्दरदुलारी | ३ |
| २ | गाविस,वडा नागरिक मन्च, नपा, युवा सन्जाल, कल्व,का अनुगमन समितिहरुलाई आफ्ना काम कर्तव्य सम्बन्धि अन्तरक्रिया, क्षमता विकास, महिला सहभागीता | बयरवन,कोसीहरैचा, सुन्दरदुलारी | ३ |
| ३ | महिला शसक्तिकरणका, प्रजन्न तथा स्त्रीरोग, यौनिकता, किसोर किसोरीको परिवर्तन, महिला अधिकार  सम्बन्धि स्वास्थ्य शिविर | कोसीहरैचा, | १ |
| ४ | समुहहरुमा महिलाहरुको पारिश्रमिक विनाको काम सम्बन्धि समय तालिका संकलन | बयरवन,कोसीहरैचा, सुन्दरदुलारी | ६ |
| ५ | समुह केन्द्र तथा  वाल विकास भवन निर्माणमा सहयोग | बयरवन,कोसीहरैचा, सुन्दरदुलारी | ४ वटा |
| ६ | वालचित्रकला तालिम | बयरवन,कोसीहरैचा, सुन्दरदुलारी | १ |
| ७ | वाल सञ्जाल गठन गर्न सहजिकरण | बयरवन,कोसीहरैचा, सुन्दरदुलारी | २१ |
| ८ | राष्ट्रिय वाल दिवस कार्यक्रम सम्पन्न | बयरवन,कोसीहरैचा, सुन्दरदुलारी | १ |
| ९ | शिक्षा सरोकार समिति र प्रअहरुसंग अन्तरक्रिया तथा योजना बैठक | कोसीहरैचा, सुन्दरदुलारी | २ |
| १० | जलवायू परिवर्तन र असरको वारेमा अन्तरत्रिया तथा ालिम | बयरवन,कोसीहरैचा, सुन्दरदुलारी | १० |
| ११ | **भर्ना अभियान संचालन** | बयरवन,कोसीहरैचा, सुन्दरदुलारी | ३ |

## ७.५ ग्रामिण खानेपानी तथा सरसफाई आयोजना

### मुख्य उपलब्धीहरु

| सि.नं. | परियोजनार कार्यक्रमको बिवरण | कार्यक्रम संचालन स्थान गाविसर न.पा. |
|---|---|---|
| १ | ग्रामिण खानेपानी तथा सरसफाई आयोजना | वारंगी ३,४,५,७ र टांडी ३ वडा |
| | महिलाको स्वास्थ्य अधिकारका लागि वकालति साझेदारी कार्यक्रम | भैडाहा, कटहरी, बैजनाथपुर, बेलबारी, मृगौलिया, इन्द्रपुर, जाते, लेटाङ्ग, हरैचा र बिराटनगर उप महानगरपालिकाको वडा नं ४,८,१,१६ |
| ३ | राष्टिय साक्षरता अभियान | हरैचा |
| ४ | सूरक्षित गर्भपतन सम्बन्धी अभिमूखिकरण | बिराटनगर १६, दरैया(मूसहर बस्ती) |
| ५ | मोरङ जिल्लाका बाल क्लबको अवस्था र भाबी रणनीति विषयक अन्तरक्रिया | बिराटनगर उप-महानगरपालिका |
| ६ | नेपालमा महिलाको अवस्था र महिला अधिकार सम्बन्धि अभिमूखिकरण | आदर्श उच्च मा.वि. र जनपथ उच्च मा.वि.बिराटनगर |
| ७ | अन्तराष्ट्रिय नारी दिवस (८ मार्च) | बिराटनगर |

## ७.६ प्लान नेपाल

### मुख्य उपलब्धीहरु

| सिन | मुख्य क्रियाकलाप | कार्याकम सचालन स्थान गाबिस नपा | उपलब्धी |
|---|---|---|---|
| १ | ४ स्थानमा अपांगता स्वस्थ्य सिबिर, सामग्री र उपचार सहयोग | पथरी, सोराभाग, तेतरिया र सिबिआर, बिराटनगर | जना ८० |
| २ | प्रसुति केन्द्र भवन निर्माण | केराबारी र लेटाङ | केन्द्र२ |
| ३ | खूल्ला दिसामूक्त अभियान (तालिम, चर्पिको रिङफर्मा, पोष्टर, कार्यशाला र खूल्ला दिसामूक्त गाबिस घोषणा) | प्लान कार्यक्षेत्र गाबिस | गाबिस १० |
| ४ | सार्बजनिक चर्पि निर्माण | राजघाट | चर्पि १ |
| ५ | खानेपानी आयोजना निर्माण | जाते (समाप्त) र केरावारी,मुगु (चालु आवमा सकिने लक्ष्य) | आयोजना२ |
| ६ | विपन्न बालबालिका छात्रवृति सहयोग | प्लानका कार्यक्षत्र गाबिसहरु | बिध्याथि '३२७२ |
| ७ | श्रमिक बालबालिकालाइ बैकल्पीक कक्षा, ट्युसन फि र शौक्षिक सामग्री | नगरपालिका | बलबालिका ८३ |
| ८ | बिराट बहिरा मा बि मा प्राबिधिक कक्षा (इन्जिनियरिंग) | बिराटनगर | बिध्यालय |

| सिन | मुख्य क्रियाकलाप | कार्याक्रम सचालन स्थान गाबिस नपा | उपलब्धी |
| --- | --- | --- | --- |
| ९ | तरकारी खेति तालिम, बिउ, बिउ व्याबस्थापन तालिम, प्राबिधिक सहयोग र सस्थागत बिकास) | दादरबैरिया, बनिगामा, शनिश्चरे, लेङाङ, कसेनि, बबियाबिर्ता, सोराभाग, नोचा | परिवार १५० |
| १० | कृषि बन | मोतिपुर, बनिगामा, थलाहा, दादरबैरिया र शनिश्चरे | परिवार ६० |
| ११ | सहकारी प्रवर्द्धन तालिम | सिहदेबि, भागटेनि, वारङगी, रमितेखोला, पाटी, भोगटेनी र याङशिला | ज्ना ८०० |
| १२ | महिला सहकारी मार्फत महिला ससक्तिकरण (तालिम, उपकरण, सिचाई, भ्रमण, बजार व्यबस्थापन) | सिहदेबि, भागटेनि, वारङगी, रमितेखोला, पटी, भोगटेनी र याङशिला | महिला सहकारी ७ |
| १३ | सहकारी भवन निर्माण सहयोग | पाटी वारंगी, याङसीला, भोगटेनी | सहकारी ४ |
| १४ | बाल अधिकार प्रबर्धन र बाल क्लबको संस्थागत बिकास | प्लान कार्यक्षेत्र गाबिस र नगरपालिका | बाल क्लब २८३ |
| १५ | जन्म दर्ता (सफ्टवयर, तालिम र अभिमूखिकरण) | २६ गाविस प्लान क्षेत्रमा | गाबिस नपा |
| १६ | महिला हिसा बिरुद्वको तालिम, छलफल र महिला सन्जालको क्षमता अभिवृदि | प्लान कार्यक्षेत्र गाबिस | सेसन३२ |
| १७ | बाल विवाह विरु४को कार्यक्रम | तेतरीया, पोखरिया, दादरबैरिया | गाविस ३ |
| १८ | जलबायु अनुकुलन तालिम, बिपद व्यबस्थापन समिति गठन, बृक्षारोपण, नदी नियन्त्र० | केराबारी, लेटाङ, मधुमल्ला, जाते, सिहदेबि, भोगटेनि, वारगी र बिराटनगर | |
| १९ | तेलि खोला कल्भर्ट जाँते,राम्री खोला कलभर्ट निर्माण र नदि नियन्त्रण ७२ मिटर | जाँते ३ र ४ जोडनै मघुमल्ला ४र लेटांग भोगटेनी कितीमाने, वडा नं ७ | |

## ७.७ सामूदायिक विकासकालागि सहयोगी हातहरुको समूह
### मुख्य उपलब्धीहरु

| क्र.स | परियोजना/कार्यक्रमको नाम | कार्यक्रम संचालन स्थान गाविस/न.पा. | इकाई | वार्षिक लक्ष्य | |
| --- | --- | --- | --- | --- | --- |
| | | | | परिमाण | बजेट (हजारमा) |
| १ | आधारशिला, महिला, पुरुष, यूवा समविकास तालिम उपहार समूहमा | सून्दरदूलारी नगरपालिका | समूह | ६ | ४२ |
| २ | प्रजनन स्वास्थ्य तथा एच.आई.भी एड्स सचेतना तालिम | सून्दरदूलारी नगरपालिका | समूह | १ | ३ |
| ३ | व्यवसायिक तरकारी खेतीमा सहयोग | सून्दरदूलारी नगरपालिका | जना | १० | २५० |

| क्र.स | परियोजना/कार्यक्रमको नाम | कार्यक्रम संचालन स्थान गाविस/न.पा. | इकाई | वार्षिक लक्ष्य | |
|---|---|---|---|---|---|
| | | | | परिमाण | बजेट (हजारमा) |
| ४ | नगदेवाली खेतीमा सहयोग | सून्दरदूलारी नगरपालिका | जना | १२ | ३०५ |
| ५ | गाई भैसी लाई कृतिम गभौधान | सून्दरदूलारी नगरपालिका | ओटा | ५१४ | १८० |
| ६ | उपहारकोष परिचालन(वाखा र वंगूर) | सून्दरदूलारी नगरपालिका | संख्या | १७० | ८३४ |

## ७.८ युनाँइटेड मिसन टू नेपाल, सूनसरी क्लष्टर

### मुख्य उपलब्धीहरु

| सि. नं. | कार्यक्रम विवरण | कार्याक्रम संचालन स्थान गा.वि.स. न.पा. | ईकाई | वाषिक लक्ष्य | | साझेदार संस्था |
|---|---|---|---|---|---|---|
| | | | | परिमाण | वजेट हजारमा | |
| १ | जीविकोपार्जन सुधार कार्यक्रम | भाथिगछ्ळ | परियोजना | १ | ९७६ | BIC Nepal |
| २ | सामदायिक शान्ति निर्माण कार्यक्रम | जाते, केरावारी, लेटाङ, बेलबारी, पथरी, इन्द्रपुर, सुन्दरपुर | परियोजना | १ | १९०३ | CDF Nepal |
| ५ | एच.आई.भी.र एड्समा स्थानीय निकायको क्षमता विकास तथा हेरचाहा र सहयोय कार्यक्रम | २१ गा.वि.स.हरु | परियोजना | १ | ८७७ | DDC Morang |
| ६ | एच.आई.भी. र एड्स जोखिम न्युनिकरण कार्यक्रम | कटहरी र सोराभाग, | परियोजना | १ | ३६३ | NCDC |
| ७ | बाल केन्द्रित सामुदायिक विकास कार्यक्रम | टंकी र हात्तिमुडा | परियोजना | १ | ५२५९ | NCDC, ( १९८० बालबालिका) |
| ८ | संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि | | परियोजना | १ | ५७२ | |

# ७.९ नेपाल परिवार नियोजन संघ मोरंग

## मुख्य उपलब्धीहरु

| सि नं. | परियोजना/कार्यक्रम विवरण | कार्यक्रम संचालन स्थान गाविस/न.पा. | ईकाइ | उपलब्धी | |
|---|---|---|---|---|---|
| | | | | परिणाम | वजेट |
| १ | समूदायिक स्वास्थ्य सेवा केन्द्र | वेलवारी, मृगौलिया, वनीगमा | ३ वटा | लगातार | ६,९२,०००। |
| २ | साप्ताहिक ७ वटा मोवाईल आउटरिच क्लिनिक | इन्द्रपूर,सून्दरपूर,बाहूनी, कसेनी,तेतरिया,सीधाहा, रानी | ७ वटा | साप्ताहिक | ३,९१,०००। |
| ३ | सुरक्षित गर्भपतन सेवा वारे अभिमूखीकरण | मृगौलिया र सीधाहा | पटक | २ | ३१,०००। |
| ४ | SRH , HIV वारे TV Scrolling तथा PLHA वाट प्रचार प्रसार | विराटनगर | १ पटक | ३ महिना | ५९,०००। |
| ५ | HIV संक्रमित व्यक्तिलाई सहयोग | विराटनगर | जना | ४ | ३१,०००। |
| ६ | SRH यूवा सुचना तथा यूवा परिचालन | विराटनगर, वनीगमा, वेलवारी, मूगौलिया | वटा | ३ | ८९,०००। |
| ७ | यूवा दौतरीवाट किशोर किशारीहरुको लागि प्रजनन शिक्षा कक्षा र्संचालन | वनीमगा, विराटनगर | पटक | २० | ८,०००। |
| ८ | समुदायका व्यक्ति तथा जोखीममा पर्न सक्ने समुह मा STI/HIV वारे अभिमुखीकरण तथा अन्तर्क्रिया | वनीगाम, बाहूनी, मृगौलिया, विराटनगर | पटक | १० | १९,०००। |
| ९ | पत्रकारहरु तथा यूवा संग SRH वारे अन्तरक्रिया | विराटनगर | पटक | १ | ५,०००। |
| १० | स्वयमसेवकको लागि FPAN गतिविधी वारे अभिमुखीकरण | विराटनगर | पटक | १ | १२,०००। |
| ११ | स्थाई बन्ध्यकरण तथा Long Acting Metod प०नि० सेवा शिविर | विराटनगर र परियोजना | पटक | लगातर | २३,१०,०००। |
| १२ | परियोजना क्षेत्रको मनिटरीङ्ग तथा निरीक्षण | परियोजनाहरु | पटक | लगातार | ३८,०००। |
| १३ | बालबालिका संरक्षण नीति वारे अभिमखीकरण | विराटनगर | पटक | १ | ५,०००। |

## ७.१० अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, विराटनगर

**मुख्य उपलब्धीहरु**

| स.न | पयोजना /कार्यक्रमको विवरण | कार्यक्रम संचालन स्थान गाविस /नपा | ईकाई | वार्षिक लक्ष्य | | प्रतिवेदन अवधिसम्मको प्रगती | |
|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | बजेट ( हजारमा | परिमाण | खर्च ( हजारमा |
| १ | ६ वटा माध्यमिक विद्यालयमा शैक्षिकगुणस्तर वारेमा वि.व्य.स. शिक्षक र अविभावकहरु संग | भौडाहा , थलाहा , मोतीपुर, बनीगामा,र झोराहाट गाविस | ४ | २४ | ४८ | २३ | ४६ |
| २ | ६ वटा माध्यमिक विद्यालयमा बालबालिकाका लागि सृजनात्मक कार्यक्रम | भौडाहा , थलाहा , मोतीपुर, बनीगामा,र झोराहाट गाविस | ३ | १८ | ३६ | १५ | ३० |
| ३ | बालअधिकार चेतना समूह गठन | भौडाहा , थलाहा , मोतीपुर, बनीगामा,र झोराहाट | १ | ६ | ० | ६ | ० |
| ४. | गाविस र जिल्ला स्तरमा निगरानी समूह गठन | मोतीपुर, भौडाहा, झोराहाट र लखन्तरी गाविसमा | १ | ५ | २८ | ४ | २८ |
| ५ | स्थानीय सरकारी निकायका सेवा प्रदायकहरुसंग शिक्षा स्वास्थ्य र खाद्य अधिकारका वारेमा अन्तरक्रिया | जिल्लला तथा गाविस स्तरमा | ४ | १४ | ८० | ९ | ६५ |
| ६ | शिक्षाको अधिकार सम्वन्धि सरोकारवाला संग अन्तरक्रिया | लखन्तरी गाविसमा | २ | २ | २० | २ | २० |
| ७ | स्थानीय समुदायसंग शिक्षा स्वास्थ्य र खाध्य अधिकारवारेमा सम्वाद | लखन्तरी गाविसमा | ४ | ४ | २० | ४ | २० |
| ८ | जिल्ला स्तरका सरोकारवालासंग निगरानी समूहको भेटघाट | मोरङ जिल्ला स्तरिया सरकारी कार्यालयमहरुमा | २ | २ | ७ | २ | ७ |
| ९ | मानवअधिकार निगरानी समूहलाई ३ दिवसीय | विराटनगरमा | १ | १ | १२० | १ | १२० |
| १० | विद्यालय व्यवस्थापन समितिलाई ३ दिवसिय तालिम | ६ विद्यालयका विव्यसलाई समेटेर झोराहाटमा | १ | १ | १२० | १ | १२० |
| ११ | बालअधिकार चेतना समूहरुलाई ३ दिवसिय | विराटनगरमा | १ | १ | ७५ | १ | ७५ |

## ७.११ लुथरन सामुदायिक कल्याण समाज

### मुख्य उपलब्धीहरु

| सि. नं. | परियोजनारकार्यक्रमको विवरण | कार्यक्रम संचालन स्थान गाविस, न.पा. | ईकाई | उपलब्धी | |
|---|---|---|---|---|---|
| | | | | परिमाण | बजेट (हजारमा) |
| १ | विपद जोखिम न्यूनिकरण र जलवायू परिवर्तन अनूकूलन सम्बन्धि वृहत जनचेतना | शिश्वनीजहदा, बबियाविर्ता | तालिम | २ | ७,९९०।०० |
| २ | सहभागितामूलक जोखिम विश्लेषण तथा मूल्यांकन र योजना निर्माण | बबियाविर्ता, शिश्वनीजहदा, होक्लाबारी | गोष्ठी | ९ | ३३,२६५।०० |
| ३ | उच्च मा.वि. विधालयको विपद व्यवस्थापन योजना निमाणको लागि सहयोग | बबियाविर्ता, शिश्वनीजहदा, होक्लाबारी | योजना निर्माण | ३ | ९,३१६।०० |
| ४ | सामूदायिक अन्न भण्डार स्थापना | बबियाविर्ता | निर्माण | १ | ३४,७२०।०० |
| ५ | गा.वि.स.,जि.वि.स.हरुलाई विपद जोखिम न्यूनिकरण व्यवस्थापन योजना निर्माण गनृ तालिम, कोष सहयोगसहयोग गर्ने | बबियाविर्ता, शिश्वनीजहदा | सहयोग | २ | २७,८८७।०० |
| ६ | सामाजिक लेखाजोखा | बबियाविर्ता, शिश्बनीजहदा, होक्लाबारी | गोष्ठी | ३ | ९,०००।०० |
| ७ | सरकारी जग्गाको खोज र भाडामा व्यवस्था गर्न सहजीकरण | बबियाविर्ता | सहयोग | ८ | ९४,२४८।०० |
| ८ | करेसावारी, प्रांगारिक खेती, आधूनिक खेती, माछापालन, पशूपालन, व्यवशायीक मौसमी बेमोसमी तरकारी खेती, बगरे खेती सहयोग | होक्लाबारी, शिश्बनीजहदा | सहयोग | १४० | २४९,९३६।०० |
| ९ | लघू सिंचाई (पम्पसेट, पोखरी, इनार) सहयोग | बबियाविर्ता, शिश्बनीजहदा, होक्लाबारी | सहयोग | ६ | १०९,३९८।०० |
| १० | सूधारिएको चूलो निर्माण सहयोग | होक्लाबारी, बबियाविर्ता | निर्माण, सहयोग | ८५ | ९१,४२२।०० |
| ११ | उद्यमशिलता सिपमूलक तालिम (व्यवशाय शूरु र उन्नती गर्ने) | बबियाविर्ता, शिश्बनीजहदा, होक्लाबारी | सहयोग | ३६ | २०६,३३०।०० |
| १२ | सिपमा आधारित रोजगारीको लागि आवस्यक सिप तथा प्राविधिक तालिम | होक्लाबारी, बबियाविर्ता | तालिम | ५ | ३१,२०५।०० |
| १३ | स्थानिय श्रोत व्यक्ति विकास सहयोग | शिश्वनीजहदा, होक्लाबारी | सहयोग | २ | |
| १४ | बहूसंख्यक समूदायका लागि स्थानिय विकास योजना तर्जूमा प्रक्रिया र प्रावधानहरु वारे जानकारी र सहभागी तथा दाबीका लागि सहजीकरण | बबियाविर्ता, शिश्बनीजहदा, होक्लाबारी | गोष्ठी | ६ | १२,००३।०० |

| सि. नं. | परियोजनारकार्यक्रमको विवरण | कार्यक्रम संचालन स्थान गाविस, न.पा. | ईकाई | उपलब्धी | |
|---|---|---|---|---|---|
| | | | | परिमाण | बजेट (हजारमा) |
| १५ | दलित तथा सन्थाल जातिको संस्थाको पूनर्गठन तथा सबलीकरण र उनीहरुको सामान्य मानक अधिकार प्राप्तिका लागि सहयोग | बबियाविर्ता | तालिम, गोष्ठी | ४ | १००,५६०।०० |

## ७.१२ राष्ट्रिय उद्यमशिलता विकास केन्द्र विराटनगर
### मुख्य गतिविधि र उपलब्धीहरु

| सि.नं. | कार्यक्रम विवरण | कार्यक्रम संचालन स्थान गाविस/न.पा | ईकाई | प्रगति |
|---|---|---|---|---|
| १ | सहभागितामुलक ग्रामिण लेखाजोखा | बरडंगा,दरवेशा,केरौन,रंगेली, बनिगामा,होक्लावारी,गोविन्दपुर | वटा | १० |
| २ | व्यवसाय शुरु तथा सचेतना तालिम | ,, | जना | १४० |
| ३ | समूह गठन तथा भौतिक सामाग्री सहयोग | ,, | वटा | १० |
| ४ | शिप विकास तालिम तथा प्रविध सहयोग | ,, | जना | १३० |
| ५ | बजारीकरणमा सहयोग | ,, | जना | ८० |
| ६ | लैङगीक तथा समावेशिकरण तालिम | विराटनगर | जना | २५ |

## ७.१३ नारी विकास संघ

### मुख्य गतिविधि र उपलब्धीहरु

| सि.नं. | परियोजना कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन स्थान गा.वि.स./ नपा |
|---|---|---|
| १ | खाद्य, भुमि तथा उत्पादनका साधनमाथिको अधिकार सुनिश्चितका | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स |
| २ | दिगो कृषि तथा अन्य आयआर्जनको बैकल्पिक उपायको प्रबर्धन गन | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |
| ३ | प्रकोप सुरक्षित समुदाय निर्माण | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी |
| ४ | अधिकारवालाहरुको निर्णायक तहमा सहभागिता | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |
| ५ | महिलाहरुमाथि हूने सबै प्रकारका विभेद र हिंसा विरुद्ध उनीहरुको क्षमता वृद्धि र अभियानहरु संचालन | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी |
| ६ | महिलाहरुको असमान कार्यबोझप्रति संवेदनशिल र पुन: बाडफांडका लागि अभियान | लखन्तरी साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |
| ७ | सिमान्तकृत महिलाहरुको प्रतिनिधिमूलक संगठन निर्माण र सुदृढिकरण | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |
| ८ | नि:शूल्क तथा गुणस्तरिय शिक्षालाई सुनिश्चि गर्न पहल गर्ने | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबार |
| ९ | प्रकोप सुरक्षित बिद्यालय निमार्णका लागि सहजिकरण गर्ने | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |
| १० | जनमुखि शिक्षालाई लोकतान्त्रिकरण र अधिकारवालाहरुको जिविकोपार्जनमा सहजिकरण | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |
| ११ | वाल केन्द्रीत कार्यक्रम | बैजनाथपुर, लखन्तरी, डागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |
| १२ | स्थानीय अधिकार कार्यक्रम सुशासन (LRP) | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |

| सि.नं. | परियोजना कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन स्थान गा.वि.स./ नपा |
|---|---|---|
| १३ | सार्वजनिक सेवाहरुमा अधिकारवालाहरुको पहूंचमा वृद्धि | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |
| १४ | गरिवमूखि राष्ट्रिय विकास रणनिति निर्माणकालागि विकल्पहरुको प्रवर्धन गर्ने । | बैजनाथपुर, लखन्तरी, डाागीहाट, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |
| १५ | निःशूल्क तथा गुणस्तरिय शिक्षालाई सुनिश्चि गर्न पहल गर्ने | बैजनाथपुर, लखन्तरी, ढागीहा६, साबिक मृगौलिया, साबिक बेलबारी गा.वि.स.हरु |
| १६ | विद्यालय स्तरीय प्रकोप व्यवस्थापन तालिम | मृगौलिया, साबिक बेलबारी गा.वि.स.ह |
| १७ | उज्ज्वल जीवनको छनौट कार्यक्रम (BLOP) | हसन्दह, मोतिपुर, तेतरीया, थलाहा, बबियाबिर्ता, बेलबारी (कसेनी) न.पा |
| १८ | महिला प्रजनन स्वास्थ्य अधिकार कार्यक्रम (WRRP) | लखन्तरी, कटहरी, बैजनाथपुर गा.वि.स. |
| १९ | सहभागितामुलक एकिकृत गरिबी निवारण कार्यक्रम (PAF) | डाइनिया, वरडंगा, महादेवा, गोविन्दपुर, सोराभाग, नोचा, अमाहिवरियाती, रंगेली ( टकुवा) न.पा. |
| २० | सघन साक्षरता कार्यक्रम (NFE) | हसन्दह गा.वि.स. |

## ७.१४ नेपाल स्वास्थ्यको लागि पानी (नेवा)

### मुख्य गतिविधि र उपलब्धीहरु

| सि.न. | परियोजना वा कार्यक्रमका विवरण | कार्यक्रम संचालन स्थान गाविस वा न. पा. | इकाइ | वार्षिक लक्ष्य | | प्रतिवेदन अवधिसम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | परिणाम | वजेट | परिणाम | खर्च |
| १ | मोरङ खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना | **गा. वि.स.** केरावारी, जाते, राजघाट, हसन्दह, मोतिपुर, सिधराहा, तेतरिया, थलाहा, सिस्वनी जहदा, मधुमल्ला, वबियाविर्ता, पोखरिया, नोचा, दादवैरिया, सोराभाग, भाथिगञ्ज, बुधनगर, अमाहिवरियाती, मझारे, कदमाहा **नगरपालिका** | गाविस खुल्ला दिसा मुक्त क्षेत्र घोषणा | ८ | ३,५६१,९३९।०० | ४ | ३,५६१,६७४।०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | भलुवा खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना | अमरदह | खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना | १ | ३,३३६,८६९।०० | १ | ३,०७०,४८६।०० |

# ७.१५ सगरमाथा सामुदायिक विकास केन्द्र, विराटनगर

## मुख्य गतिविधि र उपलब्धीहरु

| सि.नं. | कार्यक्रम विवरण | ठेगाना | इकाई | वार्षिक लक्ष्य वजेट | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगती | लागत अनुमान | खर्च |
| १ | समता र पहुँच कार्यक्रम (Equity and Acess Program) | ६ गा.वि.स. मोरङ | | ९७ | १०० | २२७४३० | २५९४०० |
| २ | नेपाल टि.वि.रिच प्रोजेक्ट, मोरङ | | संख्या | ८१२७ | ८३२५ | २५०२९८६ | २४९१६३६ |
| ३ | सहभागितामूलक भुउपयोग योजना तयारी आयोजना (PLUP), झोराहाट, मोरङ | | संख्या | १० | ११ | ८०९०० | ८५४०० |
| ४ | दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (SSTWSSSP), लेटाङ मोरङ | | संख्या | ३३ | ३३ | ५९८१०० | ५९८१०० |
| ५ | मैले चाहेको सिक्ने वातावरण अभियान कार्यक्रम | मोरङ | संख्या | ५ | ५ | २३५०० | २३५०० |
| ६ | सबैका लागि शिक्षा र सन् २०१५ पछि शिक्षाका सवालहरु क्षेत्रीय कार्यशाला, जिल्ला सञ्जाल [illegible] | मोरङ | संख्या | २ | २ | १२४०० | १२४०० |
| ७ | ऊर्जा समुहका लागि सुधारिएको चुलो सम्बन्धि आधारभूत तालिम | नारी विकास संघ, [illegible] | संख्या | २ | २ | ५०१३०० | ५०१३०० |

**मूख्य सिकाईहरु**

१. कार्यक्रम, आयोजना तथा क्रियाकलापहरु संचालनमा सहभागितामूलक विधिको व्यवहारिक प्रयोग ।

२. सामुदायिक सुधारमा समुदायको सहभागिता नै मूल मन्त्र ।

३ सहकार्य, समन्वय र साझेदारीको अवधारणा ।

४ समुदाय र व्यक्तिको माग अनुसार तथा स्रोत अनुसारको चुलोको प्रवर्द्धन गर्नु पर्ने ।

**मूख्य उपलब्धीहरु**

१. लक्षित वर्गहरुको सहभागितामा विभिन्न कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन भएका ।

२. मानव अधिकार, स्वास्थ्य र महिला अधिकार साथै घरेलु हिंसा सम्वन्धि समुदाय सचेत भएको ।

३ सेवा प्रदायक र सेवाग्राही विचको सम्वन्ध सहज भएको ।

४ खानेपानी, सरसफाई र स्वास्थ्य सुधारमा सामुदायिक सचेतीकरण वढदै जानु ।

५ वढदो जनसंख्या र भुमीको अर्थपुर्ण उपयोगीता सम्वन्धि समुदायस्तरमा सचेतीकरण हुदै जानु ।

६ समन्वय, साझेदारी र सहकार्यमा क्रियाकलापहरु सञ्चालन हुदै जानु ।

७ २४९ दलित १२७१ जनजाती ७ मधेसी ११५८ अन्य सहित जम्मा २६८५ घरधुरीका १२६०२ जनसंख्यालाई धुवावाट लाग्ने रोगवाट वचाउन सहयोग पुर्याएको ।

८. सुधारिएको चुलोको गाँउ वजारस्तरमा राम्रो प्रचारप्रसार भई मागको सृजना भएको ।

९. ४८ जना दक्ष चुलो वनाउने जनशक्तीको व्यावस्थापन भई उनिहरुको जिवनस्तरमा सुधार भएको ।

**चुनौती तथा समस्याहरु**

१. विभिन्न किसिमका वन्द हड्तालहरु ।

३ लक्षित समुदायहरुको वसोवास संख्या अत्यधिक रहेको हुनाले कार्यक्रम विस्तारमा कठिनाई ।

४ मौसम प्रतिकुलता ।

५ गरिव, विपन्न, दलित वर्गमा चुलो रकम तिर्न नसक्ने अवस्था देखिएकाले उक्त समुहलाई पहिचान गरि समपुरक कोषको व्यावस्थापन गरिनुपर्ने ।

# ७.१६ सेतो गुराँस बाल विकास सेवा, मोरङ

## मुख्य गतिविधि र उपलब्धीहरु

| क्र.स. | मागगरिएको योजनाको पुरा नाम | योजना सञ्चालन स्थान | इकाई | बार्षिक लक्ष्य | | प्रतिवेदनअवधिसम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | बजेट (रु.हजार) | परिमाण | खर्च (हजार) |
| १. | बाल अनुल स्याहार र प्रारम्भिक उत्प्रेरणा तथा प्रा. बालविकास अभिभावक शिक्षा कार्यक्रम (भाग १ देखि ३ ) (सोराभाग गा.वि.स र उर्लाबारी न.पा.) | २गा.वि.स. न.पा | ३ महिने | २२ केन्द्र | ४०० | २२ केन्द्र | ४०० |
| २. | ३४९ बालविकास केन्द्र सञ्चालन तथा अनुगमन र मुल्यांकन (कर्मचारी व्यवस्थापन ) | २६ गा.वि.स. | नियमित | ३४९ केन्द्र | ६५२.८२१ | | ६५२.८२१ |
| ३. | बैकल्पिक कक्षा सञ्चालन तथा व्यवसापन | ६गा.वि.स. | ८ महिना | ६ केन्द्र | ३०० | ६ केन्द्र | ३०० |
| ४. | पूर्व प्राथमिक कक्षा तथा बालविकास केन्द्रमा बालमैत्री कक्षा व्यवस्थापन सहयोग | ८गा.वि.स. | १पटक | १४ स्थान | ६३८.४ | १४ केन्द्र | ६३८.४ |
| ५. | बालविकास केन्द्रका व्यवस्थापन समितिलाई तालिम | ८गा.वि.स. | २ दिने | ८ स्थान | १९५ | ८ स्थान | १९५ |
| ६. | बहुभाषिक शिक्षा सम्बन्धी अन्तक्रिया कार्यक्रम संचालन ( तेतरिया गा.वि.स.) | १ गा.वि.स. | १दिने | १ स्थान | ८.७ | १ स्थान | ८.७ |
| ७. | गा.वि.स. स्तरीय बालविकास केन्द्र सञ्जालका पदाधिकारीहरुलाई तालिम | १२गा.वि.स. | २दिने | ४ स्थान | ७४.९ | ४ स्थान | ७४.९ |
| ८. | गा.वि.स. स्तरीय बालविकास केन्द्र सञ्जालका सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम | १ स्रोत केन्द्र | १ दिने | १ पटक | ११.१ | १ पटक | ११.१ |
| ९. | संस्थागत रुपमा कार्यक्रम अनुगमन तथा मूल्यांकन | २६ गा.वि.स. | ४पटक | ४पटक | १६ | ४पटक | १६ |
| १०. | प्रा.वि. तहका शिक्षकहरुलाई निरन्तर विद्यार्थी मूल्यांकन (CAS ) सम्बन्धितालिम ( स्रोत केन्द्र स्तरीय) | ५ स्रोत केन्द्र | ३ दिने | ५ स्थान | ३१० | ५ स्थान | ३१० |

| क्र. स. | मागगरिएको योजनाको पुरा नाम | योजना सञ्चालन स्थान | इकाई | बार्षिक लक्ष्य | | प्रतिवेदनअवधिसम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | बजेट ( रु.हजार) | परिमाण | खर्च (हजार) |
| ११. | पूर्व प्राथमिक कक्षा तथा नमुना बालविकास केन्द्रका शिक्षक तथा स.का.लाई बालमैत्री कक्षा व्यवस्थापन सम्बन्धि तालिम | ८गा.वि.स. | २ दिने | २ स्थान | ६१.६ | १४ केन्द्र | ६१.६ |
| १२. | बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई बैठक सञ्चालन व्यवस्थापन | २६गा.वि.स. | १ दिने | ६ स्थान | ६१.६ | १२ स्थान | ३०.२ |
| १३. | बालविकास केन्द्र संयुक्त अनुगमन तथा मूल्यांकन | २६गा.वि.स. | २पटक | २ स्थान | २३.३ | २ स्थान | २३.३ |
| १४. | बाल बालिका भर्ना अभियान कार्यक्रममा सहयोग ( FCBE ) गा.वि.स. | ६ गा.वि.स. | १ पटक | १२ विद्यालय | ३० | १३ विद्यालय | ३० |
| १५. | सहयोगी कार्यकर्ता पनताजगी तालिम ( केराबारी ) (जि.वि.स.को सहयोग ) | बनिगामा स्रोत केन्द्र | ५ दिने | ३५ केन्द्र | ७५ | ३५ केन्द्र | ७५ |
| १६. | बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापन (लुथरन वल्ड फेडेरेशन दमक | १ गा.वि.स. | नियमित | १ केन्द्र | ३१५.८१ | १ केन्द्र | ३१५.८१ |
| | संचार माध्यम मार्फत कार्यक्रमको प्रचार प्रसार | २६ गा.वि.स. | ४ पटक | ४ स्थान | ३६ | ६ स्थान | ३६ |
| १७ | कार्यालय व्यवस्थापन | कार्यालय | १२ महिना | | ५०० | | ५०० |

## ७.१७. बाल एवं महिला विकास मोरङ

लक्ष्यः बालबालिका तथा महिलाहरुको जिवनस्तर सुधारको लागि कार्यक्रम संचालन गर्ने
उद्देश्यहरुः

- बालबालिकाको हक अधिकार सुनिश्चित गरी समाजमा अग्रसर गराउने ।
- बाल विकास केन्द्रहरुको सुधार र व्यवस्थापनमा सहयोग गर्ने ।
- विद्यालयमा बालमैत्री शिक्षण सिकाई प्रभावकारी बनाउन आवश्यक सहयोग गर्ने

## मुख्य उपलब्धीहरु

- बालमैत्री विद्यालयका ५१ ज्ना शिक्षकहरुलाई २ पटक तालीम प्रदान ।
- बिद्यालयहरुलाई पुस्तक, कम्प्यूटर २ थान सहयोग ।
- निरन्तर विद्यार्थीहरुलाई मुल्याकंन सम्बन्धी ११५ जनालाई तालीम ।
- ३४ जना विद्यार्थीहरुलाई अन्तर विद्यालय भ्रमण ।
- ३९१ अभिभावकहरुलाई शिक्षाको महत्व सम्बन्धी तालीम ।

- विद्यालय व्यवस्थापन समिति २० वटालाई क्षमता अभिबृद्धि तालीम ।
- महिनावारी सम्बन्धी ३५४ किशारीहरुलाई परामर्श सेवा प्रदान ।
- वालविकास केन्द्रको दिगोपनको लागी रणनिती याजेना वनाउन २ विद्यालयलाई सहजिकरण
- विद्यालय सुधार सम्बन्धी २ वटामा तालीमा ।
- विद्यार्थीहरुको अतिक्ति क्रियाकलाप सम्बन्धी सडक नाटक अभियान संचालन ।

## ७.१८ .बहुउद्देश्यीय विकास व्यवस्थापन सेवा नेपाल

लक्ष्यः समान्तकृत परिवारहरु दिगो जिविकोपार्जन बाट आत्मनिर्भरर भएका हुनेछन् ।
प्रतिफलः

- शि.वडहरा, डंग्राहा, हरैचा, बैजनाथपुर, भ्ोराहाट र भौडाहा गाविसका २५ कृषकहरुलाई माटो जाच सम्बन्धी तालीम ।
- सात गाविसका २५ कृषकहरुलाई करेसावारी व्यवस्थापन सम्बन्धी २ दिने तालीम ।
- शशवनी वडहरा, डंग्राहा, हरैचा, भ्ोराहाट , भौडाहाका २५ कृषकहरुलाई च्याउ खेती तालीम र किट वितरण ।
- लखन्तरी र बैजनाथपुरका २५ कृषकहरुलाई आइ.पि.एम. पाठशाला संचालन गरी वेमौसमी तरकारी वाली अभिमुखीकरण ।
- कम्पोष्ट मल बनाउने प्रविधि बारे ७ गाविसका २५ जनालाइ कृषकहरुलाई तालिम ।
- १ दिने बंगुर पालन तालिम र पाठा पाठी बितरण ( २५जना प्रति तालीम ) बाखापालन तालिम र बाखा वितरण २० जना र तालीम, गाईपालन तालिम तथा बाच्छी सहयोग २० जनालाई ।
- जिविकोपार्जन अभिमुखीकरण, सहकारी लेखा व्यवस्थापन तालीम, सीप विकास समिक्षा, लद्युउद्यम विकास सहजीकरण संचालन ।

## ७.१९. पानी वातावरण र जीवन संस्था, बिराटनगर, मोरग

- भ्ोराहाट, सि.बडहरा, डंग्राहा, लखन्तरी, बैजनाथपूर, भौडाहा, हरैचा गाविसका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुलाई सरसफाई सम्बन्धी ३४ पटक सचेतना अभियान ।
- चपी निर्माण तथा प्रयोग अभियानमा घरदैलो कार्यक्रम ७ पटक (भ्ोराहाट, सि.बडहरा, डग्राहा, लखन्तरी, बैजनाथपूर, भौडाहा)
- डंग्राहा, सि.बडहरा बैजनाथपुर गाविसमा संस्थागत चर्पी ४ वटा निर्माण ।
- ट्यूवेल जडान ५२ थान भ्ोराहाट, सि.बडहरा, डंग्राहा, लखन्तरी, बैजनाथपूर, हरैचा, भौडाहा गाविसमा ।
- बिधालयमा खानेपानी टंकी ४ थान निर्माण बैजनाथपुर र भ्ोराहाटमा ।
- चर्पी निर्माण सामागी तथा प्राबिधिक सहयोग ८५० सेट (भ्ोराहाट, सि.बडहरा, डंग्राहा, लखन्तरी, बैजनाथपूर, भौडाहा)

## ७.२० .बाल समाज नेपाल, बिराटनगर

कार्य क्षेत्रः खानेपानी

**मुख्य उपलब्धीहरु**

- सुरक्षित गर्भपतन सम्बन्धी तालिम २९ जनालाई कटहरी गाविस ।
- लेटाग, वारंगी र टाडीमा ३ खानेपानी आयोजना संचालन पुरा हुन बाकी ।
- महिलाको स्वास्थ्य अधिकारका लागि वकालति साझेदारी कार्यक्रम ९ गाविस र विराटनगर १ वडामा १२८ जना दलित जनजातीलाइ ।
- परिवार नियोजन र सुरक्षित गर्भपतन सम्बन्धी तालिम बिराटनगर उप–महानगरपालिकाका वडा नं. १,१५,१६,१९ मा १०० जना सहभागी ।

## ८. अध्ययनमा देखिएका सवल पक्षहरुः

सामाजिक परीक्षण प्रकृयाले सामाजिक दायित्व निर्वाह गर्ने काम स्थानीय निकायले कति गरिरहेको छ भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवल पक्षहरु निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- जिल्ला विकास समितिले यथासक्य सामाजिक विकासमा जोड दिएको छ । सामाजिक विकास शाखाको गठन र परिचालन गर्नु, शाखालाई भौतिक सम्पन्न बनाउनु र सामाजिक विकासका लागि समन्वयकारी भूमिका खेल्नु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् ।
- जिल्ला विकास समितिले आदिवासी तथा जनजाती समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिती र महिला समन्वय समितिहरुलाई बजेट तर्जुमामा पूर्णतः जिम्मेवार बनाएको छ । ती समितिहरुले योजना छनौट र तर्जुमामा भाग लिई विषयगत वजेटहरु परिषदबाट स्वीकृत गराएका छन् । साथै प्राप्त बजेटहरुको कार्यान्वयन आफ्नो समितिको सिफारिसमा गराएका छन् ।
- जिल्लामा क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच सहकार्य र समन्वय भएको देखिएको ।
- जिल्ला विकास समितिले सहभागी तथा समावेशी योजना तर्जुमा प्रकृयालाई अवलम्बन गरेको छ ।
- जिल्ला विकास समितिले शिक्षा, स्वास्थ्य, महिला विकास, खानेपानी तथा सरसफाई र जिल्लामा कार्यरत विकास साझेदारहरुसँग समन्वयकारी भूमिका खेल्न संयोजकको भूमिका निर्वाह गरिरहेको छ ।
- सामाजिक विकास कार्यमा नागरिक संगठनहरुको भूमिका समेत उल्लेख्य देखिएको छ ।

- खानेपानी तथा सरसफाई, महिला हिंसा विरुद्धका अभियानहरु र सुधारिएको चुलो निर्माण, विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएकोछ ।

## ९. अध्ययनमा देखिएका चुनौती तथा कमि कमजोरीहरुः

जिल्ला विकास समितिले यथासक्य सामाजिक विकासमा जोड दिएको छ । सामाजिक विकास शाखाको गठन र परिचालन गर्नु, शाखालाई भौतिक सम्पन्न बनाउनु र सहयोगी कर्मचारीहरु थप हुनु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् । जिविसले जिल्लाको समग्र सामाजिक विकासको समन्वय गर्नुपर्ने दायित्व पनि हो यसर्थ सामाजिक परीक्षणबाट स्थानीय निकायमा देखिएका चुनौतीहरु निम्न अनुसार रहेका छन् ।

- विषयगत निकायहरुले सामाजिक परीक्षण प्रकृयालाई सहयोग गरेका छन् । यद्यपी सामाजिक परीक्षण सम्वन्धमा विषयगत निकायहरुमा प्रष्टता आइरहेको अवस्था देखिंदैन । जसका कारण सामाजिक जिम्मेवारीको क्षेत्र र ती क्षेत्रसँग सम्वन्धित सूचकहरुमा विषयगत स्पष्टता न्यून रहेको छ ।
- भौतिक विकासबाट सामाजिक लक्ष्य पुरा भए नभएको अभिलेख राख्न नसक्नु पनि चुनौतीको रुपमा रहेको छ ।
- हरेक निकायले सामाजिक परीक्षण निर्देशिकाले तय गरेका न्यूनतम् सूचकहरुको आधारमा सूचना अद्यावधिक गर्न नसक्नु परीक्षणबाट देखिएको चुनौती हो । हरेक निकायमा खण्डीकृत तथ्यांक उपलब्ध हुन नसकेको अवस्था रहेको छ ।
- थोरै समयमा सबै सूचना तथा तथ्यांकहरु संकल्न गर्न कठीनाई भएको ।
- केहि विषयगत कार्यालयहरुमा प्राय कर्मचारीहरुको उपस्थिति कम देखिएको ।

## १०. सुझावहरु

- जिल्ला परिषद्बाट तय भएका अल्पकालीन र दिर्घकालीन महत्वका रणनीतिहरु कार्यान्वयनमा स्पष्ट कार्यक्रम तय हुन नसकेको कारण खुल्ला दिशा मुक्त घोषणा, बालमैत्री, विद्युतीय सुशासन जस्ता महत्वपूर्ण नाराहरु पुरा हुन कठिन भएको ।
- सेवा सुविधा प्रवाहमा तदरुकता अपनाई सहज, पारदर्शिता र जवाफदेहिपूर्ण गराउनु अत्यावश्यक भएको ।
- कार्ययोजनाका आधारमा कार्यक्रम कार्यान्वयन, अनुगमन, सुपरिवेक्षण प्रभावकारी र सूचकमा आधारित गरी अभिलेख व्यवस्थापन गर्नुका साथै सार्वजानिक गुर्न उपयूक्त हुने ।
- परियोजनाहरू स्तरीय रूपमा सम्पन्न गर्ने भन्दा पनि काम सक्ने र बजेट फ्रिज हुन नदिने कार्यले प्राथमिकता दिने प्रणालीमा सुधार गर्नु पर्ने ।
- डिपिमास अनुगमन प्रणालीलाई सबै विषयगत निकायहरुबाट पूर्ण कार्यान्वयनमा ल्याउदा समग्र सूचनामा एकरुपता आउन सक्नेछ ।

- वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई पनि वढि कृयाशील बनाई स्थानीय योजनाहरुको प्रभावकारी कार्यान्वयन र अनुगमनमा सहयोग पुग्ने देखिन्छ।
- अपेक्षित प्रतिफल र नतिजा हासिल गर्नको लागि बजेट निकासा र खर्च प्रणालीमा सुधार हुन आवश्यक छ।
- गाविसमा यथेष्ट जनशक्ति र नविनतम प्रविधिको प्रयोग बढाउन जरुरी देखिन्छ। यसबाट स्थानीय नागरिकहरुलाई सेवा सुविधा प्रवाहमा सहजता आउनेछ।
- राजस्व र श्रोत बृद्धिमा प्रयाप्त अध्ययन अनुसन्धानको अभावको कारण वर्षौ देखि आयस्तरमा बढोत्तरी हुन नसकेको र विगत आ.व. खोला ठेक्कामा दुइ प्याकेज बनाई लगाउदा श्रोत बृद्धि निकै भएपनि समयमा नै किनारा नलगाउदा प्राप्त श्रोत समेत गुम्ने खतरा भएकोले निर्णय प्रक्रियामा ढिलासुस्ती हटाउनु पर्ने।
- गैससहरुको परिचालन र अन्य सरकारी निकायहरुसँगको सहकार्य, समन्वय बढाई जिल्लाले लिएका लक्ष्य पुरा गर्न प्रभावकारी कदम चाल्नु पर्ने देखिन्छ।

## ११. निश्कर्ष :

मोरंग जिल्लामा जिल्ला विकास समितिको नेतृत्वमा गत आ.व. २०७१/७२ मा सामाजिक विकासको क्षेत्रमा केहि उपलब्धी भएको पाईयो । पुर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरीकहरुको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि वढाउन सफल भएको पाईन्छ। स्थानीय निकाय नियमावली, स्थानीय स्वायत्तता शासन नियमावली र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा जिल्ला विकास समिति मोरङले उल्लेखनीय कार्यहरू गर्दै आएको छ। सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ। यसका लागि यस जिविसले गाउँटोल देखि नै योजनाहरूको माग गर्ने, इलाका स्तरीय गोष्ठिहरू संचालन गर्ने तथा विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई जिल्ला परिषदबाट पारित गरेपछि मात्र कार्यक्रमहरू संचालन गर्ने गरेको पाइएको छ। त्यस्ता कार्यक्रमहरू नियमसंगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै संचालन गरिएका देखिन्छन् । जिल्ला विकास समितिको नेतृत्वमा जिल्लामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय निकायहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरुको वीचमा समन्वय भई दोहोरोपनलाई न्युनीकरण गर्न सहयोग मिलेको देखिन्छ।

जिल्ला विकास समिति र विषयगत कार्यालयका साथै अन्य विकासको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले आम नागरिकहरुको संलग्नतावाट मात्र दीगो विकास सम्भव छ भन्ने वोधका साथ अगाडी वढेको कारण धेरै योजनाहरु उपभोक्ता समितिहरु मार्फत सञ्चालन भएको पाईएको छ। यसले आम नागरिकहरुमा विकास र यसका संरचनाहरुको अपनत्व स्वीकार गर्ने बातावरण तयार भएको छ। नागरिकहरुलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन

जस्ता सामाजिक विकासका संरचनाहरु गाउं गाउंमा पुर्‍याएको र स्थानीय निकाय तथा आम नागरिकहरुले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्ने गरेको कुरा आफैमा प्रसम्सनिय भएको छ ।

रुपान्तरणीय सामाजिक परिचालनको माध्यमवाट आम नागरिकहरु आफ्नो हक, अधिकार र कर्तव्य प्रति चनाखो वन्दै गएको र प्राप्त सेवा र सुविधा लिने प्रकृयामा चेतना वढेको कारण सेवा लिनेहरुको संख्या वढेको पार्यएको छ । आम नागरिकहरु खास गरि महिला, बालवालिका, दलित, जनजाती, आदीले कृषि, पशु, खानेपानी, सिचाई, वन, पारालिगल समुह आदी सवैको संलग्नतामा गठन भएका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुमा आफ्नो उपस्थितिलाई स्थापित गर्न थालेको अनुभुति भएकोले आगामी दिनहरुमा आवश्यकतामा आधारित विकास योजनाहरु सञ्चालन हुने कुरामा विश्वस्त हुने आधारहरु देखिन्छन् ।

जिल्लामा खास गरि शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा प्रगति भएको र त्यसको माध्यमवाट रोजगारी श्रृजना गर्न, प्रर्वद्धन गर्न र विस्तार गर्न सहजिकरण भएको देखिन्छ । नागरिकहरु आज कृषि, पशुपालन, उद्योग सञ्चालन गरि स्वरोजगार वनेका छन भने कतिपयले अरुहरुलाई पनि रोजगारि प्रदान गरेका छन् । पुर्वाधार विकास र समाजिक विकासलाई समन्वयात्मक ढंगले अगाडी वढाएकै कारण रोजगारीको साथमा स्थानीयहरुको आम्दानीको स्रोत पनि वढेको छ ।

जिल्ला विकाश समिति मोरंगले आर्थिक वर्ष २०७१। ७२ मा अवलम्बन गरेका रणनीतिहरु र कार्यक्रम अर्न्तगत पूर्वाधार विकाश, सामाजिक विकाश, आर्थिक विकाश, वन वातावरण, संस्थागत श्रोत र क्षमता विकाश लाई प्राथमिकतामा राखिएको छ । यी रणनीतिहरुमा सडक गुरु योजना अर्न्तगत जिल्ला स्तरमा छनौट भएका सडकहरुलाई प्राथमिकता दिई गाबिस सदरमुकाम सम्म जोडने सडकलाई बाह्रै महिना यातायत सञ्चालन योग्य बनाउन जोड दिएको छ । गाबिसहरुको कामकारवाहीमा अनिवार्य कम्प्यूटरको प्रयोग गराई बिधुतीय सुशासन प्रबर्द्धनमा जोड दिन सुरुवात गरेको छ । जिल्लालाई बालमैत्री घोषणा गर्न बालश्रम उन्मुलन तथा बालमैत्रीका लागी संरक्षण र विकाशमा सघाव पुर्‍याउने कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिएको छ । पाँच वर्षे पर्यटन प्रवर्द्धन गुरुयोजनाले अख्तियार गरेको कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ग्रामिण पर्यटन प्रबर्द्धनमा सघाउ पुग्ने कार्यक्रमलाई उच्च प्राथमिकताका साथ छनौट गरी अघि बढाएको छ । खुल्ला दिसामुक्त क्षेत्र राष्ट्रिय कार्यक्रम हो र सन् २०१५ सम्ममा यस जिल्ला लाई खुल्ला दिसामुक्त क्षेत्रका रूपमा घोषणा गरिसक्ने योजना रहेको देखिन्छ । प्रत्येक साल यसतर्फ काम गर्दै जाने क्रममा आर्थिक वर्ष २०७१।७२ सम्ममा यस जिल्लाका थप १३ वटा गाविसहरू खुल्ला दिसामुक्त घोषणा भईसकेका छन् ।

जिविस मोरङले आव २०७१।७२ का कार्यक्रम संचालनका क्रममा विभिन्न प्रकारका चुनौतिहरूलाई सामना गर्नुपरेको देखिन्छ । केन्द्रबाट समयमा बजेट निकाशा नहुने, योजना अनुसारका कार्यक्रमहरूको बजेट नआउने, यहाँको जिविसका स्थानीय आयश्रोतलाई व्यवस्थित गर्न कानुनि अड्चन रहनु, कार्यक्रमहरूका टुक्रे बजेट रहनु र राजनैतिक अस्थिरताका कारण समयमा

योजना निर्माण तथा कार्यान्वयनमा समस्या सिर्जना हुनु, शान्तिसुरक्षाको अभाव, राजनैतिक हस्तक्षेप र अस्थिर राजनैतिक अवस्था आदि चूनौति रहेका देखिन्छन् । यति हुँदाहुँदै पनि जिविस मोरङले उक्त आर्थिक वर्षमा संचालन गरेका कार्यक्रमहरू निकै प्रभावकारी रहेका पाइएका छन् । तिनीहरूले गरिवी निवारणमा विशेष सहयोग पुऱ्याएका छन् भने गाउँ र टोलबाट आएका योजनालाई यसले आफ्ना योजनाका रूपमा समावेश गरी कार्यक्रम संचालन गर्ने गरेको छ । यसबाट जिल्लाको विकासका लागि महत्वपूर्ण योगदान पुगेको देखिन्छ ।

जिल्ला विकासका कार्यक्रमहरुवाट जिल्लामा सामाजिक तथा आर्थिक क्षेत्रमा सुधार भएको देखिन्छ । सडक विस्तार, विद्युत, खानेपनी तथा सिंचाईको विकासवाट प्राप्त अवसरहरुकै कारण सेवा र वस्तुमा आम नागरिकको पहुंच वढेको छ र सेवा र वस्तुको उचित प्रयोगले उत्पादकत्व वढ्ने संकेत देखिएको छ । यहि क्रम अगाडी वढाउदै देखा परेका समश्यालाई पन्छाउने र अवसरहरुलाई उपयोग गर्दे जाने हो भने आम नागरिकको जीवनशैलीमा सहजता र जीविकोपार्जनलाई स्थापित गर्न मदत पुग्नेछ ।

**सामाजिक परीक्षकको नाम : अम्बु विष्ट**
**दस्तखत :**
**संस्थाको नाम**ः सगरमाथा सामुदायिक विकास केन्द्र विराटनगर
**मितिः** २०७२।०७।२९

## सन्दर्भ पुस्तकहरु :


- स्थानीय स्वायत्त शासन ऐन २०५५
- स्थानीय स्वायत्त शासन नियमावली २०५६
- जिल्ला विकास अनुदान संचालन निर्देशिका २०६७
- स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७
- दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको कार्यक्रम सञ्चालन निर्देशिका २०६५,
- उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति, नेपाल सरकार, स्थानीय विकास मन्त्रालय ।
- आदिवासी, जनजाति जिल्ला समन्वय समिति गठन गर्ने सम्वन्धी निर्देशिका ।
- जिल्ला पार्श्वचित्र २०६४।
- जिल्ला विकास योजना २०७०/७१ ।
- जिल्ला विकास योजना २०७१/७२।
- नागरिक वडापत्र २०७१ ।
- जिल्ला बिकास समिति मोरंगको सामाजिक परीक्षण प्रतिवेदन २०६९/७० ।
- वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष २०७१/७२ जिल्ला बिकास समितिको कार्यालय मोरङ